सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री कुमार रेग्मी

माननीय न्यायाधीश श्री तिल प्रसाद श्रेष्ठ

**फैसला**

०७५-CR-००५१

मुद्दाः भ्रष्टाचार

| | |
|---|---|
| ज्योतिमान श्रेष्ठको नाति जगत कुमार श्रेष्ठको छोरा काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. २ लाजिम्पाट बस्ने नापी कार्यालय, नवलपरासीका नापी सर्भेक्षक बाल मुकुन्द श्रेष्ठ-------------------------------------------------------------------------१ | पुनरावेदक प्रतिवादी |
| विरुद्ध | |
| अख्तियार दुरुपयोग अनुसन्धान आयोगका अनुसन्धान अधिकृतद्वय गोपाल बहादुर भट्टराई र नविन राजा बुढाथोकीको प्रतिवेदनले नेपाल सरकार-----------------------१ | प्रत्यर्थी वादी |

सुरु तहमा फैसला गर्ने न्यायाधीशहरु :अध्यक्ष, माननीय न्यायाधीश श्री बाबुराम रेग्मी
सदस्य, माननीय न्यायाधीश श्री रत्नबहादुर बागचन्द
सदस्य, माननीय न्यायाधीश श्री प्रमोदकुमार श्रेष्ठ वैद्य

शुरु फैसला गर्ने अदालत : विशेष अदालत, काठमाण्डौ

शुरु फैसला मिति : २०७५।०१।१४

न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१)(घ) तथा विशेष अदालत ऐन, २०५९ को दफा १७ बमोजिम यस अदालतको अधिकारक्षेत्रभित्र पर्ने भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवम् ठहर यसप्रकार रहेको छः-

मुद्दाको संक्षिप्त तथ्य

१. मेरो नाममा रहेको जिल्ला काठमाण्डौं, साविक विष्णु बुढानिलकण्ठ गा.बि.स वडा नं ६ हाल बुढानिलकण्ठ नगरपालिका वडा नं ४ स्थित कित्ता नं ४९० को क्षेत्रफल ०-२-२-० र

कित्ता नं ९८८ को ०-१-३-० को जग्गा हालसाविक गर्न नापी कार्यालय, चावहिलको २ नं. नापी टोली बुढानिलकण्ठ जाँदा नापी सर्भेक्षक बाल मुकुन्द श्रेष्ठसँग चिनजान भएकोमा निजले मेरो जग्गा नापजाँच गरे पश्चात २ दाम बढी जग्गा निस्कन्छ भनी मसँग रु. ५०,०००।- (पचास हजार) माग गर्दै आएकोमा निज सर्भेक्षकले मेरो हालसाविक गर्ने जग्गाको फाईल समेत आफैसँग छ भनी पटक पटक रकम बार्गेनिङ गर्दै जाँदा रु.३०,०००।- (तीस हजार) दिएकोमा उक्त जग्गा हालसाविक गरिदिने भनी बताएकोमा उक्त कार्य नियमानुसार गर्नको लागि मैले चाहेको तर घुस/रिसवत दिई काम गराउने मेरो उद्देश्य नहुनुको साथै त्यस्ता भ्रष्ट कर्मचारीलाई कारवाही गराउँदा उचित हुने भएकोले निजलाई दिनका लागि रु.३०,०००।- (तीस हजार) नगदै उपलब्ध गराई मबाट निज नापी सर्भेक्षकले घुस/रिसवत लिएको पाइएमा दशी प्रमाणसहित पक्राउ गरी प्रचलित कानून अनुसार कारवाही गरिपाउँ भन्ने समेतको व्यहोराको उजुरीकर्ता सीता शाहीको उजुरी निवेदन।

२. उजुरवालाले अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौंबाट भर्पाई कागजमा उल्लेखित दर र नम्बरका थान-३० (तीस) नोटको हुने जम्मा रु.३०,०००।- (तीस हजार) बुझिलिई गरिदिएको मिति २०७३।१२।०६ को भर्पाई कागज ।

३. जिल्ला काठमाडौं का.म.न.पा. वडा नं. २ स्थायी घर भई हाल नापी कार्यालय, नवलपरासीमा कार्यरत नापी सर्भेक्षक बाल मुकुन्द श्रेष्ठलाई दिईएको मिति २०७३।१२।०६ को खानतलासी पुर्जी।

४. मिति २०७३।१२।०६ गते ०८:३५ बजेको समयमा जिल्ला काठमाण्डौं साविक विष्णु बुढानिलकण्ठ गा.बि.स. वडा नं ६ हाल बुढानिलकण्ठ नगरपालिका वडा नं ४ स्थित नापी कार्यालय, नवलपरासीको १ नं. नापी टोलीको टोली प्रमुख पदमा कार्यरत जिल्ला काठमाडौं का.म.न.पा. २ मा बस्ने नापी सर्भेक्षक बाल मुकुन्द श्रेष्ठले दाहिनेतर्फ बोकेको Sunny लेखिएको कालो रङ्गको झोला खानतलासी गर्दा सो झोलामा रहेको अवस्थामा रु. १,०००।- दरका ३० थान नोटको हुने रु. ३०,०००।- (तीस हजार) र निवेदिका सीता शाहीको जग्गाको फाईल समेतका कागजातहरु बरामद गरिएको भन्ने समेत व्यहोराको मिति २०७३।१२।०६ को खानतलासी/बरामदी मुचुल्का।

५. मिति २०७३।१२।०६ गते उजुरी निवेदिका सीता शाहीलाई यस आयोगबाट उपलब्ध गराईएको रु.१०००।- दरका थान-३० नोटहरुको हुने जम्मा रु. ३०,०००।- (तीस हजार) नोटहरुमा Phenolphthalein नामक पाउडर लगाई पठाईएकोमा उक्त घुस रकम सहित नापी सर्भेक्षक बाल मुकुन्द श्रेष्ठलाई नियन्त्रणमा लिई खानतलासी गर्ने क्रममा निज बाल मुकुन्द श्रेष्ठ र नापी कार्यालय, चावहिलका प्रमुख नापी अधिकृत मणि प्रसाद रेग्मी समेतलाई

२ वटा गिलासमा Sodium Carbonate मिसाईएको पानीमा हात धुन लगाउँदा नापी सर्भेक्षक बाल मुकुन्द श्रेष्ठले हात धोएको पानीको रङ्ग बैजनी रातो (Light Pink to Violet Red) भएको, प्रमुख नापी अधिकृत मणि प्रसाद रेग्मीले हात धोएको पानीको रङ्ग परिवर्तन नभएको र २ बटै हात धोएको पानीको नमूनाहरु थान-२ (दुई) छुट्टाछुट्टै २ वटा बोतलमा नाम उल्लेख गरी संकलन गरी सिलबन्दी गरिएको भन्ने समेत व्यहोराको मिति २०७३।१२।०६ को रंगे हात परीक्षण तथा नमूना संकलन मुचुल्का।

६. नापी सर्भेक्षक वाल मुकुन्द श्रेष्ठलाई घुस/रिसवतको रकम तथा अन्य बरामद दशी प्रमाणसहित पक्राउ गरी निज बाल मुकुन्द श्रेष्ठलाई पक्राउ गर्ने क्रममा खिचिएको श्रव्यदृश्य सहितको सि.डी. समेत पेश गरेको भन्ने समेत व्यहोराको प्र.ना.उ. हेमकुमार थापासहितको टोलीले पेश गरेको मिति २०७३।१२।०६ को दाखिला प्रतिवेदन ।

७. आयोगबाट खटिएको प्र.ना.उ. हेमकुमार थापा समेतको टोलीद्वारा नापी सर्भेक्षक बाल मुकुन्द श्रेष्ठलाई नियन्त्रणमा लिई खानतलासी/बरामदी तथा नमूना संकलन कार्य गर्दा खिचिएको श्रव्यदृश्यसहितको सि.डी. थान-१ (एक) र नापी सर्भेक्षक बाल मुकुन्द श्रेष्ठसँग लेनदेनको विषयमा भएको वार्तालाप रेकर्ड गरिएको सि.डी. थान-१ (एक) पेश गरेको भन्ने समेत व्यहोराको मिति २०७३।१२।०६ को निवेदन तथा अडियो रेकर्डसहितको सि.डी. थान-१ (एक)।

८. म हाल नापी कार्यालय, नवलपरासीमा कार्यरत छु। यस पूर्व २०७० देखि २०७३ माघ सम्म नापी कार्यालय, चावहिल अन्तर्गत २ नं. नापी टोली, बुढानिलकण्ठमा कार्यरत थिएँ। सो कार्यालयमा रहँदा मेरो बुढानिलकण्ठ नगरपालिका लगायतका क्षेत्रको जग्गा नापजाँच तथा हालसाविक गर्ने जिम्मेवारी थियो। उजुरी निवेदिका सीता शाहीको साविक विष्णु बुढानिलकण्ठ गा.वि.स.वडा नं. ६ हाल बुढानिलकण्ठ नगरपालिका वडा नं. ४ स्थित कि.नं. ४९० को क्षेत्रफल ०-२-२-० र कि.नं. ९८८ को क्षेत्रफल ०-१-३-० जग्गाको हालसाविक गर्न मलाई खटाईएको थियो। मैले फिल्ड चेकजाँच गर्दा साविक क्षेत्रफल ०-४-१-० मा हाल क्षेत्रफल ०-४-२-० (एक पैसा वा ८.१७ वर्ग.मि.) बढी जग्गा देखिएको हुँदा सोही अनुसार सिफारिस गरेको थिएँ। निरीक्षकले चेकजाँच गरी कार्यालय प्रमुख कँहा पेश गर्न बाँकी थियो। खानतलासी पुर्जी बुझि गरेको सहीछाप मेरो हो। खानतलासी बरामदी मुचुल्काको व्यहोरा ठीक साँचो हो र उक्त मुचुल्काको सहीछाप म समेतको हो। बरामदी मुचुल्कामा उल्लेखित धनमाल मैले भिरेको Sunny लेखिएको कालो झोलाबाट बरामद भएको हो। रंगेहात सबुद संकलन मुचुल्काको व्यहोरा ठीक साँचो हो र उक्त मुचुल्कामा गरिएको सहीछाप मेरो समेत हो। बरामद रकमहरुको फोटोकपी कागजहरुमा उल्लेखित व्यहोरा र सहीछाप मेरो हो।

निवेदिका सीता शाहीको जग्गा हालसाविक गर्ने प्रक्रियामा नापजाँच गर्दा जग्गा बढी देखिएको कारण मिलाउन शुरुमा रु. ५०,०००।-(पचास हजार) माग गरेको र उक्त फाईल मसँगै छ भनी पटक पटक वार्गेनिङ्ग गरी रु. ३०,०००।-(तीस हजार) दिएमा जग्गा हालसाविक गरिदिने भनेको हुँ र सो रकम नदिएको हुँदा लामो समयदेखि जग्गा हालसाविकको काम रोकिएको हो। निवेदिकाले पेश गरेको अडियो रेकर्ड भएको सि.डी.मा भएको वार्तालाप निवेदिका र मबीच भएको हो र उक्त अडियो रेकर्डको तथ्य ठीक साँचो हो। प्रस्तुत श्रव्यदृश्य मलाई आयोगको टोलीले नियन्त्रणमा लिई खानतलासी/बरामदी तथा रंगेहात नमूना संकलन गर्दाको अवस्थाको हो। मैले कानुन बमोजिम गर्न नहुने तथा आफ्नो पदीय जिम्मेवारी भन्दा वाहिरको काम आर्थिक लाभ लिने उद्देश्यले गरेको हुँदा गल्ती हुन गयो। उजुरीमा उल्लेखित कामको सम्बन्धमा निवेदिकासँग पटक-पटक वार्गेनिङ्ग पश्चात रु. ३०,०००।-(तीस हजार) दिएमा उक्त काम गरि दिन्छु भनी मिति २०७३।१२।०६ गते निवेदिकासँग निजकै घरमा गई रु. ३०,०००।- घुस रिसवत लिई भ्रष्टाचारजन्य कसुर गरेको हुँ भन्ने समेत व्यहोराको प्रतिवादी वाल मुकुन्द श्रेष्ठको अनुसन्धान अधिकारी समक्षको बयान।

९. उजुरी स्वेच्छाले दिएको हो। उजुरीको सम्पुर्ण व्यहोरा ठीक साँचो हो। उजुरीमा भएको सहीछाप मेरो हो। रकम बुझिलिएको भर्पाई कागजको व्यहोरा ठीक हो र भर्पाई कागजमा गरिएको सहीछाप मेरो हो। मैले आयोगमा मिति २०७३।१२।०६ गते पेश गरेको सि.डी. तथा निवेदनको व्यहोरा ठीक हो। सि.डी. तथा निवेदनमा भएको सहीछाप मेरो हो। उक्त अडियो कुराकानी म घरमा हुँदा २०७३।१२।०६ गते विहान ७:१५ वजे फोन सम्पर्क हुंदा र घुस रकम लेनदेन गर्दाको अवस्थाको हो। मैले हालसाविकको लागि २०७३।०६।१७ मा नापी कार्यालय, बुढानिलकण्ठमा निवेदन दिएपछि सोही महिनामा निज बाल मुकुन्द श्रेष्ठ मेरो घरमा आई जग्गा नापजाँच गर्नुभयो र पछि कार्यालयमा गई निजसँग भेटघाट गर्दा जग्गा २ दाम बढी छ, रु.५०,०००।- दिएमा काम गरिदिन्छु भनी घुस रकम माग गरेको र उक्त रकम नदिँदासम्म काम हुँदैन भन्नुभयो। फोनमा ४/५ पटक कुराकानी हुँदा समेत रु.५०,०००।- घुस रकम नदिएसम्म काम हुँदैन भन्नुभयो। पछि रु.३०,०००।- दिएमा काम गरिदिन्छु भन्नुभयो। अन्त्यमा उजुरी दिएँ र प्राप्त रकम रु.३०,०००।- नै निजलाई घुस बापत घरमा नै दिएको हुँ। निजले रकम बुझ्न घरमा नै आउँछु भनेको थियो। खानतलासी बरामदी मुचुल्काको व्यहोरा ठीक हो र मेरो नामको सहीछाप मेरो हो। मबाट निज बाल मुकुन्द श्रेष्ठले लिएको रु.३०,०००।- नै निजको कालो झोलाबाट बरामद भएको हो।मेरो जग्गाको सक्कल फाईल समेत निजको झोलाबाट भेटिएको थियो भन्ने समेत व्यहोराको उजुरी निवेदिका सीता शाहीको घटना विवरण कागज।

१०. म समेतको रोहवरमा नापी सर्भेक्षक बाल मुकुन्द श्रेष्ठको खानतलासी गरिएको हो। खानतलासी गर्दा निजको कालो झोलाबाट रु.१,०००।- दरका ३० थान नोटहरुको हुने रु. ३०,०००।- (तीस हजार), सीता शाही, तिलक बहादुर गुरुङ लगायतका व्यक्तिको जग्गा सम्बन्धी सक्कल फाईलहरु लगायतका सामानहरु बरामद भएको र बरामद रकम रु. ३०,०००।- आयोगको टोलीले लिई आएको नोटहरुको फोटोकपी कागजमा भएको रकमहरुको नम्वरहरुसँग मिले भिडेको ठीक साँचो हो। मुचुल्कामा गरिएको सहीछाप मेरो समेत हो भन्ने समेत व्यहोराको नापी कार्यालय, चावहिलका नापी अधिकृत हरि कृष्ण त्रिपाठीको अनुसन्धान अधिकारी समक्षको कागज।

११. मेरो रोहवरमा नापी सर्भेक्षक बाल मुकुन्द श्रेष्ठको खानतलासी लिईएको हो। उक्त मुचुल्कामा गरिएको सहीछाप मेरो समेत हो। निजको खानतलासी गर्दा निजको कालो झोलाबाट रु.१,०००।- दरका ३० थान नोटहरुको हुने रु. ३०,०००।- (तीस हजार) र फाईलहरु बरामद भएको र बरामद रकम रु. ३०,०००।- आयोगको टोलीले लिई आएको नोटहरुको फोटोकपी कागजमा भएको रकमहरुको नम्वरहरुसँग मिले भिडेको थियो। निज बाल मुकुन्द श्रेष्ठ र नापी कार्यालय, चावहिलका प्रमुख मणि प्रसाद रेग्मीलाई छुट्टा छुट्टै गिलासमा राखिएको Sodium Carbonate मिसाईएको पानीमा हात धुन लगाई नमूना संकलन गरिएको थियो। बाल मुकुन्द श्रेष्ठले हात धोएको पानी गुलाबी रङ्गको भएको थियो भन्ने समेत व्यहोराको जिल्ला काठमाडौं, बुढानिलकण्ठ नगरपालिका, वडा नं. ३, ४ र ५ का वडा प्रतिनिधि सुरेश कार्कीको अनुसन्धान अधिकारी समक्षको कागज।

१२. मेरो रोहवरमा नापी सर्भेक्षक बाल मुकुन्द श्रेष्ठको खानतलासी लिईएको हो। उक्त मुचुल्कामा गरिएको मेरो नामको सहीछाप मेरो हो। निजको खानतलासी गर्दा निजको कालो झोलाबाट नगद रु. ३०,०००।- (तीस हजार), २ नं. नापी टोली, बुढानिलकण्ठसँग सम्वन्धित ४ फाईलहरु समेत बरामद भएको थियो। बरामद रकम रु. ३०,०००।- आयोगको टोलीले लिई आएको नोटहरुको फोटोकपी कागजमा भएको रकमहरुको नम्वरहरुसँग मिले भिडेको थियो। निज बाल मुकुन्द श्रेष्ठ र मलाई छुट्टा छुट्टै गिलासमा राखिएको Sodium Carbonate मिसाईएको पानीमा हात धुन लगाई नमूना संकलन गरिएको थियो। बाल मुकुन्द श्रेष्ठले हात धोएको पानी रातो रङ्गको भयो र मैले डुबाउँदा परिवर्तन भएन। उक्त नमूना संकलन मुचुल्काको व्यहोरा ठीक हो र मेरो नामको सहीछाप मेरो हो। उजुरीमा उल्लेखित उजुरी निवेदिकाको कामको सम्वन्धमा २ नं. नापी टोली, बुढानिलकण्ठका टोली प्रमुख कुमार कार्कीलाई सोध्दा थप प्रष्ट हुनेछ भन्ने समेत व्यहोराको नापी कार्यालय, चावहिलका प्रमुख नापी अधिकृत मणि प्रसाद रेग्मीको अनुसन्धान अधिकारी समक्षको कागज।

१३. बाल मुकुन्द श्रेष्ठ मिति २०७३।१०।२३ सम्म २ नं. नापी टोली, बुढानिलकण्ठमा कार्यरत थिए। निजलाई नाप नक्सा तयार गर्ने, हालसाविक गर्ने आदि जिम्मेवारी तोकिएको थियो। निवेदिका सीता शाहीले मिति २०७३।०६।१७ मा निवेदन दिएको साँचो हो। उजुरी निवेदिका सीता शाहीको फाईल मिति २०७३।०६।१७ गते नै आवश्यक कारवाही गर्ने गरी निज सर्भेक्षक बाल मुकुन्द श्रेष्ठलाई तोक लगाएको थिएँ। सो अनुसार उक्त कामको लागि निजलाई फिल्ड चेकजाँच गरी सिफारिस गर्ने जिम्मेवारी दिईएको थियो। निजले मिति २०७३।१०।०७ गते फिल्ड चेकजाँच गरी टिप्पणी लेखी ट्रेस नक्सा बनाएको बरामद फाईलबाट देखियो तर निजले उक्त फाईल पेश नगरेको कारण कार्य सम्पादन हुन नसकेको हो। निज बाल मुकुन्द श्रेष्ठको साथबाट बरामद भएका उजुरीकर्ता सीता शाही, दिलिप कुमार गुरुङ, तिलक बहादुर गुरुङ र चन्द्र कुमारी गुरुङको नाममा रहेका सक्कल फाईलहरु थान-४ (चार) २ नं. नापी टोली, बुढानिलकण्ठसँग सम्बन्धित हुन् भन्ने समेत व्यहोराको नापी कार्यालय, चावहिल अन्तर्गत २ नं. नापी टोली, बुढानिलकण्ठका प्रमुख कुमार कार्कीको अनुसन्धान अधिकारी समक्षको कागज।

१४. खानतलासी/बरामदी मुचुल्कामा उल्लेखित नापी सर्भेक्षक बाल मुकुन्द श्रेष्ठको साथबाट बरामद भएको निज नापी सर्भेक्षक बाल मुकुन्द श्रेष्ठलाई नापी कार्यालय, नवलपरासी अन्तर्गत १ नं. नापी टोली प्रमुखको जिम्मेवारी तोकिएको भन्ने समेत व्यहोराको मिति २०७३।११।१७ को नापी कार्यालय, नवलपरासीको पत्र।

१५. खानतलासी/बरामदी मुचुल्कामा उल्लेखित नापी सर्भेक्षक बाल मुकुन्द श्रेष्ठको साथबाट बरामद भएको निज बाल मुकुन्द श्रेष्ठको हस्ते निम्नानुसारको प्राविधिक सामानहरु पठाईदिनुहुन अनुरोध भन्ने समेत व्यहोराको मिति २०७३।११।२६ को नापी कार्यालय, नवलपरासीद्वारा नापी विभाग, मिनभवन, काठमाडौंलाई लेखिएको पत्र।

१६. नापी सर्भेक्षक बाल मुकुन्द श्रेष्ठ मिति २०७०।०९।१६ देखि २०७३।१०।२३ सम्म यस कार्यालय अन्तर्गत नापी टोली, २ नं. बुढानिलकण्ठमा कार्यरत रहेको, २०७३।१०।२४ बाट नापी कार्यालय, नवलपरासी काज सरुवा भएकोमा २०७३।११।२० देखि लागु हुने गरी रमाना गरिएको भन्ने समेत व्यहोराको नापी कार्यालय, चावहिलको च.नं. २३७० मिति २०७३।१२।१० को पत्र।

१७. बाल मुकुन्द श्रेष्ठले हात धोएको नमूनाहरु थान-२ (दुई) मध्ये (नमूना नं. १) र बरामद नोटहरु (नमूना नं. ३) मा Phenolphthalein पाईएको भन्ने राय सहितको केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशाला, सामाखुशी, काठमाडौंको प.सं. ०७३।०७४ सि.एन १५३२, च.नं. ४४३०, मिति २०७३।१२।१० को पत्रसहित प्राप्त नमूना परीक्षण प्रतिवेदन।

१८. नापी कार्यालय, चावहिल अन्तर्गत २ नं. नापी टोली, बुढानिलकण्ठमा कार्यरत रही हाल नापी कार्यालय, नवलपरासीमा कार्यरत राष्ट्रसेवक नापी सर्भेक्षक बाल मुकुन्द श्रेष्ठले आफु सरुवा भई गईसकेको अवस्थामा २ नं. नापी टोली, बुढानिलकण्ठमा नै बुझबुझारथ गर्नुपर्ने उजुरी निवेदिका सीता शाही तथा अन्य सेवाग्राहीहरुका जग्गा सम्बन्धी सक्कल फाईलहरु बुझबुझारथ नगरी आफ्नै साथमा राखी काठमाडौं आएको मौकामा उजुरी निवेदिका सीता शाहीको नाममा रहेको जिल्ला काठमाण्डौं, साविक बिष्णु बुढानिलकण्ठ गा.बि.स. वडा नं ६ हाल बुढानिलकण्ठ नगरपालिका वडा नं ४ स्थित कित्ता नं ४९० को क्षेत्रफल ०-२-२-० र कित्ता नं ९८८ को ०-१-३-० को जग्गा हालसाविक गर्ने प्रक्रियाको क्रममा जग्गा नापजाँच गरे पश्चात २ दाम बढी जग्गा निस्कन्छ भनी रु. ५०,०००।- (पचास हजार) माग गरी हालसाविक गर्ने जग्गाको फाईल समेत आफैसँग छ भनी पटक पटक रकम बार्गेनिङ गरी रु.३०,०००।- (तीस हजार) दिएमा उक्त जग्गा हाल साविक गरिदिने भनी उजुरी निवेदिका सीता शाहीसँग आफ्नो लागि रु.३०,०००।– (तीस हजार) घुस/रिसवत रकम माग गरेको र उक्त रिसवत रकम लिन मञ्जुर गरी भर्पाई कागज एवं बरामदी मुचुल्कामा उल्लेखित दर र नम्बरको रु. ३०,०००।- (तीस हजार) मिति २०७३।१२।०६ गतेका दिन बरामदी मुचुल्कामा उल्लेखित समय र स्थानमा राष्ट्रसेवक नापी सर्भेक्षक बाल मुकुन्द श्रेष्ठले लिएको र सो घुस रकम नै निज बाल मुकुन्द श्रेष्ठको साथबाट बरामद भएको पुष्टी हुँदा प्रतिवादी बाल मुकुन्द श्रेष्ठले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ (१) बमोजिमको कसुर गरेको देखिएको हुँदा निज प्रतिवादीलाई बिगो रु.३०,०००।- (तीस हजार) कायम गरी सोही ऐनको दफा ३ (१) र दफा ३ (१) (ख) बमोजिम जरिवाना र कैद सजायसमेत गरिपाउँ भन्नेसमेत बेहोराको आरोपपत्रको माग दाबी।

१९. उजुरीकर्ता सीता शाही एकै टोलमा बस्ने भएकाले धेरै पहिलादेखि चिन्थें। छिमेकीको नाताले जग्गा किन्न २ लाख रुपैयाँ हालिदिनुपर्‍यो भनी निजले सापटि मागेकाले मैले निजलाई दुईलाख रुपैयाँ सापटि दिएको थिएँ। सो सापटि रकम निजसँग फिर्ता पटक-पटक माग्दा एकदिन फोन गरी घरमै बोलाई ३०,०००।- ऋणको रकममध्येको फिर्ता भनी दिएकी थिइन्। निजले मलाई सापटि फिर्ता गरेको रकम अख्तियारबाट ल्याई दिएको रहेछ। म २०७३ फागुन १० गतेदेखि नापी कार्यालय, नवलपरासीमा हाजिर भइसकेको छु। निजले फोनबाट सापटि रकम फिर्ता गर्ने र आफ्नो जग्गा हालसाविक कार्यमा सहयोग गरिदिनु पर्‍यो भनेकाले म निजको घरमा गएको थिएँ। म निवेदकको जग्गाको क्षेत्रको नापीबाट अन्यत्रै सरुवा भई गइसकेकाले निजको काम गरिदिने भनी रकम लिने कुरै आउँदैन। मैले निजसँग घुस रिसवत बापत रकम माग गरी लिएको नभई निजले मसँग पहिला लिएको सापटिको रकममध्येको सावाँ फिर्ता भनी मलाई दिएको रु ३०,०००।- नै अख्तियारको टोलीले बरामद गरेकाले मैले आरोपदावी

अनुसारको कसूर गरेको छैन भन्ने प्रतिवादी बाल मुकुन्द श्रेष्ठले विशेष अदालत काठमाडौंमा गरेको बकपत्र।

२०. थुनछेक प्रयोजनका लागि प्रतिवादी बाल मुकुन्द श्रेष्ठबाट रु. ३०,०००।- धरौटी माग भई र.नं. ३१६ मिति २०७३।१२।१८ मा उक्त धरौटी दाखिला गरी तारेखमा रहेको साथै दशीको रुपमा आएको बरामदी रकम रु. ३०,०००।- र.नं. ३१७ मिति २०७३।१२।१८ मा धरौटीमा आम्दानी बाँधिएको। त्यस्तै कालो झोला र परिचय-पत्र जिन्सीमा आम्दानी बाँधिएको।

२१. मैले अख्तियारमा दिएको निवेदन तथा अनुसन्धानका अवस्थामा गरेको नोट बुझेको भर्पाइ, बरामदी मुचुल्का तथा बयान कागजको व्यहोरा र सहीछाप मेरो हो। यी प्रतिवादीले मलाई कुनै रकम दिएका छैनन् भन्ने उजुरीकर्ता सीता शाहीले विशेष अदालतमा गरेको बकपत्र।

२२. अनुसन्धानका क्रममा भएको बरामदी मुचुल्कामा रहेको सहीछाप र व्यहोरा मेरो हो भन्ने वादी नेपाल सरकारका साक्षी सुन बहादुर तामाङ, मनि प्रसाद रेग्मी, गोकुल रेग्मी, हरिकृष्ण त्रिपाठी, चन्द्र बहादुर खड्का, सुवास अधिकारी, रवि घिमिरे, शैलेन्द्र पाण्डे र हेम कुमार थापाले विशेष अदालतमा गरेको बकपत्र।

२३. अनुसन्धानका अवस्थामा भएको वयानको व्यहोरा र सहीछाप मेरो हो । सरुवा रमाना हेर्दा बाँकी कामका कागज बुझाएर जान भनेकोमा निजले नबुझाई जानुभएछ भन्ने वादी नेपाल सरकारका साक्षी कुमार कार्कीले विशेष अदालतमा गरेको बकपत्र।

२४. यी प्रतिवादी र सीता शाही बीच लेनदेन व्यवहार रहेको सुनेको थिएँ। सीता शाहीसँग निजले घुस बापत रकम माग गरेको छैन भन्ने प्रतिवादीका साक्षी राजकुमार बासु श्रेष्ठ र मैयाँ लामाले विशेष अदालतमा गरेको बकपत्र।

२५. विशेष अदालतको आदेशानुसार आरोप-पत्रसाथ पेश भएका सि.डि.हरु लेखबद्ध गरी मिसिल सामेल रहेको।

२६. प्रतिवादीको साथबाट रकम बरामद भएको भन्ने कुरामा विवाद नदेखिएको, उजुरीकर्तालि अनुसन्धानको सिलसिलामा कागज गर्दा र यस अदालतसमक्ष बकपत्र गर्दासमेत आफूसँग प्रतिवादीले जग्गा हालसाविक गर्ने प्रयोजनका लागि रकम माग गरेको भन्ने कुरा खुलाएको पाइएको र प्रतिवादीको साथबाट उजुरीकर्ता अर्थात् सेवाग्राहीको कामसँग सम्बन्धित रहेको सक्कल फाइलसमेत बरामद भएको अवस्था हुँदा प्रतिवादी बाल मुकुन्द श्रेष्ठले आरोपदावी बमोजिमको कसुर गरेको ठहर्छ। निज प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) को कसुरमा सोही दफा ३(१) र ३(१)(ख) वमोजिम ३ महिना कैद र बिगो बमोजिम

रु. ३०,०००।- (तीस हजार रुपैयाँ) जरिवाना हुने ठहर्छ भन्ने व्यहोराको विशेष अदालत, काठमाडौंबाट मिति २०७५।०१।१४ मा भएको फैसला।

२७. उजुरीकर्ता सिता शाहीलाई मैले एकै टोलमा बस्ने भएकोले धेरै पहिला देखि चिन्दथें। निजले छिमेकीको नाताले जग्गा किन्ने सम्वन्धमा मसँग २ लाख रुपैयाँ ऋण लिनुभएको थियो । सोही रकम माग्न जाँदा मेरो जग्गा सम्बन्धी काम मिलाई दिनुपर्‍यो भनी मैले केही रकम घुस समेत माग नगरेको क्रममा निजले मलाई फसाउने नियतले पटक पटक फोन गरी निजको घरमा बोलाई रु.३०,०००।- मेरो ऋण बापतको रकम फिर्ता दिएकोमा सोही रकमलाई घुसको रुपमा परिणत गराई मलाई फसाउने नियतले सरुवा भई नवलपरासी नापी कार्यालयमा हाजिर भइसकेको व्यक्तिलाई अख्तियारमा बिहानै उजुरी दर्ता गरी मिति २०७३/१२/६ मा अख्तियारबाट नोट बुझी उक्त दिन नै निजले मलाई निजको घरमा डाकी अख्तियारबाट निजले बुझेको रकम मलाई दिइ बरामद बनाएको भन्ने देखिएको छ। उक्त दिन म बुढानिलकण्ठ नापी कार्यालयमा कार्यरत रहँदा मेरो जिम्मामा रहेको तिलक बहादुर गुरुङ्ग-१, दिलिप कुमार गुरुङ्ग -१, चन्द्र कुमारी गुरुङ्ग-१ र सिता शाही १ समेत जना ४ को फाइल साविक नापी कार्यालयमा आइतवार बुझाउन जानको लागि मैले लिई गएको थिएँ। बरामद मुचुल्कामा सिता शाहीको फाइल मात्र बरामद हुनु अन्य फाइलवालासँग बुझी अनुसन्धान नगर्नुले बुझाउन लगेको फाइल मसँग बरामद हुने वित्तिकै कसुरदार सावित हुने होइन। काम सम्पन्न नभएको फाइल बुझबुझारथ गर्ने चलन नभएको र सो बुझाउन गएको अवस्थामा कुमार कार्कीले समेत मलाई बदनियतले फाइल राखेको हो भनी खुलाउन नसकेको अवस्थामा निजको बकपत्र र बयानलाई समेत आधार मानी मलाई कसुरदार ठहर गरी भएको फैसला भ्रष्टाचार निवारण ऐन, २०५९ को ३ को प्रतिकुल भएको, प्रमाणको विश्लेषण गलत ढंगले गरी भएको फैसला त्रुटिपूर्ण भएकोले शुरु फैसला उल्टी गरी पूर्ण रुपमा सफाई दिलाई पाउँ भन्ने व्यहोराको प्रतिवादी बालमुकुन्द श्रेष्ठको यस अदालतमा परेको पुनरावेदन पत्र।

२८. प्रतिवादी बालमुकुन्द श्रेष्ठले अदालतमा कसूर गरेकोमा इन्कार गरी बयान गरेको र निजको साथबाट बरामद भएको भनिएको रकम उजुरीकर्ता सीता शाहीले पहिला निजबाट लगेको सापटी मध्येको रकम दिएको हो र सोही रकम बरामद गरिएको भनी उल्लेख भएको सन्दर्भमा निज प्रतिवादीलाई कसूरदार ठहर गरेको विशेष अदालतको फैसला प्रमाणको मूल्याङ्कनको रोहबाट विचारणीय देखिंदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) वमोजिम पुनरावेदन पत्र र प्रस्तुत आदेशको प्रतिलिपिसमेत साथै राखी महान्यायाधिवक्ताको कार्यालयलाई सूचना दिनू। अख्तियार दुरुपयोग अनुसन्धान आयोग *नियमावली, २०५९ को नियम ३०* संविधान र ऐनसँग बाझिएकोले बदर हुनुपर्छ भन्ने माग गरी विष्णुप्रसाद घिमिरे विरुद्ध संघीय संसदसमेत भएको रिट नं. ०७४-WO-००२० को

निवेदन यस अदालतको संवैधानिक इजलासमा विचाराधीन रहेको भन्ने देखिएको र प्रस्तुत मुद्दासमेत सो निवेदनसँग सार्थक सम्बन्ध रहेको देखिंदा उक्त निवेदनको सुनुवाई सम्पन्न भएपछि सो सम्बन्धमा भएको आदेशको प्रतिलिपिसमेत साथै राख्नू भन्ने व्यहोराको यस अदालतको मिति २०७६।१०।१० को आदेश।

## अदालतको ठहर

२९. नियमबमोजिम पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा विवादको मुख्य विषयलाई हेर्दा, सीता शाहीको नाममा रहेको काठमाण्डौं जिल्ला साविक विष्णु बुढानिलकण्ठ गा.वि.स. वडा नं ६ हाल बुढानिलकण्ठ नगरपालिका वडा नं. ४ स्थित कित्ता नं ४९० को क्षेत्रफल ०-२-२-० र कित्ता नं. ९८८ को क्षेत्रफल ०-१-३-० को जग्गा हालसाविक गर्ने क्रममा नापी कार्यालय, चावहिलको २ नं. नापी टोलीका सर्भेक्षक बाल मुकुन्द श्रेष्ठले बार्गेनिङ गरी रु.३०,०००।- (तीस हजार) घुस मागेको भन्ने व्यहोराको उजुरी सीता शाहीको तर्फबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परेको रहेछ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परेको सीता शाहीको उक्त उजुरीको आधारमा अनुसन्धान तहकिकात सम्पन्न भई निज बाल मुकुन्द श्रेष्ठ उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) बमोजिमको कसूर गरेको भनी विगो रु ३०,०००।– कायम गरी सोही ऐनको दफा ३(१) र दफा ३(१) को खण्ड (ख) बमोजिम जरिवाना र कैद समेतको सजाय गरी पाउन माग दावी लिई आरोपपत्र दायर भएको रहेछ। विशेष अदालत काठमाडौंबाट आरोपपत्र मागदावी बमोजिम प्रतिवादी बाल मुकुन्द श्रेष्ठलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) बमोजिम रु. ३०,०००।-(तीस हजार) जरिवाना र सोही ऐनको दफा ३(१) (ख) बमोजिम ३ (तीन ) महिना कैद समेत हुनेगरी फैसला भएकोमा सो फैसलाउपर चित्त नबुझाई प्रतिवादीको तर्फबाट यस अदालतमा प्रस्तुत पुनरावेदन पर्न आएको देखियो ।

३०. विशेष अदालत काठमाडौंको फैसलामा चित्त नबुझेका विषयहरुलाई प्रस्तुत पुनरावेदनमा प्रतिवादी बाल मुकुन्द श्रेष्ठको तर्फबाट देहायका बुँदाहरुमा उल्लेख गरिएको पाइन्छः–

(क) उजुरीकर्ता सीता शाहीले मसँग रु.२,००,०००/- रुपैयाँ ऋण लिनुभएकोले सोही रकम माग्न जाँदा जग्गाको कुरा निकाली मैले घुस नमागेको अवस्थामा फसाउने नियतले फोन गरी निजको घरमा बोलाई ऋण रकम फिर्ता गरेको भनी रु ३० हजार दिएको अवस्था रहेको,

(ख) सोही रकम अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट बरामद भएकोमा घुस रकम बरामद भएको भनी फसाइएको,

(ग) घूस रकम बरामद भएको भनिएको मितिमा आफू साविक कार्यालयवाट नापी कार्यालय, नवलपरासीमा सरुवा भई हाजिर भइसकेको अवस्था रहेको,

(घ) यसर्थ विशेष अदालत, काठमाण्डौबाट भएको फैसला उल्टी गरी अभियोग दावीबाट सफाई पाउने गरी इन्साफ गरी पाउँ।

३१. प्रस्तुत मुद्दामा आज सुनुवाइका क्रममा पुनरावेदक प्रतिवादीका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री वच्चुसिंह खड्काले नापी कार्यालयमा कार्य सम्पादन भैसकेका फाइलहरु मात्र बुझबुझारथ गर्ने तर कार्य सम्पन्न नभएका फाइलहरु बुझबुझारथ गर्ने प्रचलन रहेको छैन, प्रतिवादीले घुस बापतको रकम माग ... को देखिने कुनै प्रमाण रहेको देखिंदैन, उजुरीकर्ताले प्रतिवादीसँग लिएको ऋण रकम फिर्ता गर्छु भनी घरमा बोलाई फसाउने नियत राखी अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी गरी सुनियोजित रुपमा आयोगले उपलब्ध गराएको रकम प्रतिवादीलाई दिई बरामद गराएको तथा यसरी बरामद गराएको रकम प्रमाणग्राह्य नहुने गरी रिट नं. ०७४-WO-००२० मा संवैधानिक इजलासबाट फैसला भइरहेको देखिंदा विशेष अदालतको फैसला बदर गरी प्रतिवादीलाई अभियोग मागदावीबाट सफाइ दिलाई पाउँ भनी बहस गर्नुभयो। यसैगरी प्रत्यर्थी वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान सहन्यायाधिवक्ता श्री शंकर खत्रीले उजुरीकर्ता सेवाग्राही भएको कुरामा विवाद नरहेको, प्रतिवादीले उजुरीकर्तासँग निजको काम गरिदिएबापत शुरुमा रु. ५०,०००।– रकम माग गरेकोमा पछि रु.३०,०००।– रकम दिए काम गरी दिने कुरामा सहमति भएको, सोही बमोजिम उजुरकर्ताले घुस बापत दिन भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट रु ३०,०००।– बुझी लिई प्रतिवादीलाई दिएको देखिएको, प्रतिवादी सरुवा भएर गइसके पछि पनि उजुरकर्ताको कामसंग सम्बन्धित फाइल प्रतिवादीले साथैमा बोकेको अवस्था रहेको देखिई निजको गलत मनसाय प्रमाणित भइरहेको हुँदा निजलाई अभियोग मागदावी बमोजिम सजाय हुने ठहर भएको विशेष अदालतको फैसला मिलेकै देखिँदा सदर गरी पाउँ भनी प्रस्तुत गर्नु भएको बहस समेत सुनियो ।

३२. माथि उल्लेख भए बमोजिम पुनरावेदक प्रतिवादीको तर्फबाट प्रस्तुत पुनरावेदनमा लिइएका जिकिरहरु, पुनरावेदक प्रतिवादी एवं प्रत्यर्थी वादीका तर्फबाट उपस्थित विद्वान कानून व्यवसायीहरु र सहन्यायाधिवक्ताबाट प्रस्तुत हुन आएका बहस बुँदाहरु तथा मिसिल संलग्न कागजातहरु अध्ययन गरी इन्साफतर्फ विचार गर्दा प्रस्तुत मुद्दामा मुख्यतः देहायका प्रश्नहरुमा निरुपण हुनुपर्ने देखिन आयोः-

क) पुनरावेदक प्रतिवादीबाट बरामद भएको रकमलाई प्रमाणमा लिई निजलाई भ्रष्टाचारको कसूर गरेको भनी कसूरदार ठहराउन मिल्ने देखिन्छ वा देखिंदैन ?

ख) प्रस्तुत मुद्दामा निज पुनरावेदक प्रतिवादीबाट बरामद भएको रकम देखि बाहेक अन्य प्रमाणबाट निज प्रतिवादीले भ्रष्टाचारको कसूर गरेको भनी प्रमाणित हुने अवस्था रहेको देखिन्छ वा देखिंदैन ? र,

ग) पुनरावेदक प्रतिवादीलाई अभियोग माग दावी बमोजिम कसूरदार ठहर गरी भएको विशेष अदालतको फैसला मिलेको देखिन्छ वा देखिँदैन ?

३३. निरुपण हुनु पर्ने उपर्युक्त प्रश्नहरु मध्ये सर्वप्रथम पुनरावेदक प्रतिवादीबाट बरामद भएको रकमलाई प्रमाणमा लिई निजलाई भ्रष्टाचारको कसूर गरेको भनी कसूरदार ठहराउन मिल्ने देखिन्छ वा देखिंदैन भन्ने प्रश्नमा विचार गरौं। प्रस्तुत मुद्दाका प्रतिवादी बाल मुकुन्द श्रेष्ठ साविकमा नापी कार्यालय, चावहिल अन्तर्गत २ नं नापी टोली बुढानिलकण्ठमा नापी सर्भेक्षक पदमा कार्यरत रही मिति २०७३।११।१० देखि नापी कार्यालय, नवलपरासीमा सरुवा भई हाजिर भइसकेका रहेछन्। निज प्रतिवादी २ नं नापी टोली बुढानिलकण्ठमा कार्यरत रहँदा के बखत सेवाग्राही सीता शाही निजको नाममा हालको बुढानिलकण्ठ नगरपालिका वडा नं ४ मा रहेको कि नं ४९० र ९८८ का जग्गाहरु हालसाविक गर्न २ नं नापी टोली बुढानिलकण्ठमा गएकोमा निजको जग्गाको हालसाविकको कार्य गर्ने जिम्मा प्रतिवादी बालमुकुन्द श्रेष्ठलाई तोकिएको रहेछ। जग्गा हालसाविकको काम कारबाही अगाडि बढाउने क्रममा यी प्रतिवादीले सेवाग्राहीसंग पटक पटक घुस रिसवत रकम मागेको भनी सेवाग्राही सीता शाहीको अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेको र अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट घुस रिसवत रकम यी प्रतिवादीलाई दिने प्रयोजनका लागि रु ३०,०००।- रकम सेवाग्राही सीता शाहीलाई उपलब्ध गराइएकोमा सोही रकम निज सीता शाहीले प्रतिवादीलाई दिएको देखिन्छ। प्रतिवादीबाट सो रकम बरामद भएको भन्ने समेत आधारमा निज उपर प्रस्तुत अभियोग पत्र दायर भएकोमा प्रतिवादी तर्फका विद्वान कानून व्यवसायीले यसै अदालतको संवैधानिक इजलासबाट ०७४-WC-००२० नं को मुद्दामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट घुस रिसवत प्रयोजनका लागि रकम उपलब्ध गराई पक्राउ गर्न अख्तियारी दिने अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० नै अमान्य भएको अवस्थालाई आधार मानेर त्यस्तो बरामदी रकमलाई प्रमाणमा लिई भ्रष्टाचारको कसूरदार ठहराउन नमिल्ने जिकिर लिनु भएको देखिन्छ। प्रस्तुत मुद्दाको मिसिल संलग्न कागजातहरु अध्ययन गर्दा सेवाग्राही सीता शाहीले यी प्रतिवादीलाई दिने प्रयोजनका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट रु ३०,०००।- बुझी लिएको, सोही रकम निज सीता शाहीले यी प्रतिवादीलाई दिएको र सो रकम यी प्रतिवादीको साथबाट बरामद भएको तथ्यमा विवाद रहेको देखिंदैन। अब पुनरावेदक प्रतिवादी तर्फका विद्वान कानून व्यवसायीले जिकिर लिनु भएको प्रश्नमा विचार गर्दा वहाँले जिकिर लिनु भए जस्तै ०७४-WO-००२० नं को

मुद्दामा यस अदालतको संवैधानिक इजलासबाट फैसला हुँदा अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० अमान्य हुने ठहराइएकोमा विवाद छैन। यस अदालतको संवैधानिक इजलासबाट ०७४-WO-००२० नं को मुद्दामा भ्रष्टाचार निवारण गर्ने कुराको आडमा स्वेच्छाचारिता अपनाउने, जालझेल वा कपटपूर्ण कार्य गर्ने, निर्दोषलाई फसाउने, सताउने जस्ता कार्य गर्न मिल्दैन भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोग आफै पैसा दिएर वा दिलाएर अपराध गराउन नमिल्ने कुरामा जोड दिइएको छ र स्वार्थ जोडिएका व्यक्तिको उजुरीका आधारमा षडयन्त्रमूलक तवरबाट फसाउन नियम ३० को प्रयोग हुन सक्ने सम्भावना एवं मातृ-ऐनको रुपमा रहेको अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को प्रावधानलाई संकुचित पारेको समेतका विषयलाई आधार बनाएर उक्त नियम ३० अमान्य गरिएको पाइन्छ। संवैधानिक इजलासबाट भएको उक्त फैसला मुलभूत रुपमा अनुसन्धान निकाय स्वयंले जबरजस्ती अपराध गर्न उत्प्रेरित गर्न नहुने (Entrapment) मान्यतामा आधारित रहेको पाइन्छ। सोही बमोजिम उक्त फैसलामा Entrapment को वैधताको प्रश्नमा अन्य मुलुकका अदालतहरुबाट भएका फैसलाहरुलाई पनि उधृत गरिएको पाइन्छ। खास गरेर उक्त फैसलामा अन्य मुलुकका अदालतहरुबाट Jacobson v United States[1], Sherman v United States[2], R v Norman Lee Mack[3], Regina v Loosely[4], Ridgeway v The Queen[5] र Rajat Prasad v CBI[6], का मुद्दाहरुमा भएका फैसलाहरुलाई सन्दर्भको रुपमा उल्लेख गरिएको देखिन्छ।

३४. निश्चय नै सम्मानित संवैधानिक इजलासबाट भएको फैसलामा उल्लेख गरिए जस्तै अनुसन्धान निकाय वा अभियोजन पक्ष स्वयं निर्दोष कर्मचारीलाई अपराधिक क्रियामा लाग्न वा घुस रिसवत लिने कार्यमा उत्प्रेरित गर्नमा संलग्न हुन्छ, घुस रिसवत बापतको रकम आफै उपलब्ध गराउँछ र सोही रकम बरामद भएको भन्ने आधारमा अभियोजन गर्छ भने यो क्रियालाई स्वच्छ न्यायिक प्रक्रिया मान्न नसकिने कुरामा विवाद हुन सक्दैन। फैसलामा उल्लिखित Jacobson v United States को मुद्दामा बालयौन सामग्रीको प्राप्त गर्न र प्रयोग गर्नमा प्रतिवादीलाई सरकारी अधिकारी स्वयंले नै उत्प्रेरित (excited) गरेको मात्र होइन, दवाव (substantial pressure) नै हालेको अवस्था देखिन्छ। Sherman v United States को मुद्दामा प्रतिवादीले नचाहँदा नचाहँदै

1 503 US 540 (1992)

2 356 US 369 (1958)

3 (1988) 2 SCR 903

4 (2001) UKHL 53

5 (1995) 184 CLR 19

6 Decided on 24 April 2014

पनि निज उपर धेरै जोडबल परे पछि सुराकीलाई लागु औषध उपलब्ध गराइएको अवस्था देखिन्छ। R v Norman को मुद्दामा सुराकीमा खटिएका व्यक्तिले ६ महिना अगाडि देखि लागू औषध आफ्नो लागि व्यवस्था गरिदिन प्रतिवादीलाई निरन्तर झिझ्याइरहेको र अन्त्यमा धम्की पनि दिएको अवस्था देखिन्छ। Regina v Loosely को मुद्दामा सुराकी प्रहरी अधिकृत कै अनुरोधमा प्रतिवादीले निषेधित लागू औषध उपलब्ध गराएको अवस्था देखिन्छ। Ridgeway v The Queen को मुद्दामा सुराकी मार्फत निषेधित लागू औषध आयात गरी प्रतिवादीलाई उपलब्ध गराइएको अवस्था देखिन्छ र प्रस्तुत मुद्दामा त प्रतिवादीको पुनरावेदन खारेज हुने ठहरेको पाइन्छ। Rajat Prasad v C B I को मुद्दामा एकजना मन्त्रीले घुस बापत रकम लिएको कुराको दृश्य (secret video recording) सहित Indian Express मा प्रकाशित समाचारको आधारमा अभियोजन गरिएको विरुद्धमा प्रतिवादी सर्वोच्च अदालतमा पुगेकोमा प्रतिवादीको पुनरावेदन खारेज हुने फैसला भएको पाइन्छ।

३५. माथि उल्लिखित मुद्दाहरुमा समाविष्ट तथ्यगत अवस्था भन्दा पनि Entrapment को वैधताको प्रश्न महत्वपूर्ण रहेको पाइन्छ। Entrapment भन्नाले कुनै व्यक्तिलाई कानून कार्यान्वयन गर्ने व्यक्ति वा राज्यको निकायले कुनै अपराधिक कार्य गर्न उत्प्रेरित गर्ने कार्यलाई बुझाउँछ । यदि त्यसरी उत्प्रेरित नगरिएको भए व्यक्ति आफैले त्यस्तो अपराधिक कार्य गर्दैनथ्यो वा चाहँदैनथ्यो भन्ने जनाउँछ ।[7] यसरी उत्प्रेरित गर्ने तरिकाहरुमा लोभलालच देखाउने, जालझेल गर्ने वा धम्क्याउने सम्मका कार्यहरु पर्दछन्।[8] राज्यका निकाय स्वयंले अपराधिक कार्य गर्न उत्प्रेरित गर्ने कार्य राज्यशक्तिको दुरुपयोग मानिन्छ र त्यसैले कसैले यसलाई प्रतिरक्षाको आधार बनाउँछ भने अदालतले यो पक्षलाई बिचार गर्नु पर्ने हुन्छ भन्ने मानिन्छ। प्रतिरक्षाको यो अवधारणा राज्य सिर्जित अपराध (state-created crime) स्वीकार्य हुँदैन भन्ने मान्यतामा आधारित रहेको पाइन्छ। तर Entrapment भन्दैमा सबै अवस्थामा प्रतिरक्षाको आधार भने हुन सक्ने देखिंदैन। Regina v Loosely को मुद्दा मै उल्लेख भएको प्रसङ्गलाई आधार मान्ने हो भने पनि अभियोजन पक्षले नै अभियुक्तलाई अपराधिक कार्य गर्ने इच्छा निर्माण गराएको रहेछ भने Entrapment हुन्छ तर यदि अभियुक्तले पहिल्यै देखि अपराधिक कार्य गर्ने इच्छा राखेको थियो र अनुसन्धान अधिकारीले निजको त्यस्तो इच्छा पूरा गर्ने कार्यमा सहयोग सम्म पुऱ्याएको हो

---

7. Entrapment is a practice in which a law enforcement agent or agent of the state induces a person to commit a "crime" that the person would have otherwise been unlikely or unwilling to commit. - Gleeson CJ in R v Sloane (1990) 49 A Crim R 270 at 272–273.

8 अंग्रेजीमा lure, incite, entice, instigate, inducement, pressure, threat जस्ता शब्दावलीहरु प्रयोग हुने गरेको पाइन्छ।

भने Entrapment हुँदैन र यसो गर्नु अस्वीकार्य पनि मानिंदैन भनिएको पाइन्छ।[9] अझ सोही फैसलाको अनुच्छेद २२ मा अभियुक्तले पहिल्यै देखि अपराध गर्ने इच्छा राखेको तथ्य प्रमाणित हुन्छ भने Entrapment प्रतिरक्षाको आधार हुन सक्दैन भनेर प्रष्टसंगै भनिएको पाइन्छ।[10] अमेरिकी अभ्यासमा Entrapment प्रतिरक्षाको आधार बन्न मुलतः दुईवटा अवस्था प्रमाणित भएको हुनु पर्ने स्थिति देखिन्छ[11] – (१) सरकार आफैले अपराध गर्न उक्साएको (government inducement of the crime) र (२) प्रतिवादी अपराधिक क्रियामा संलग्न हुन इच्छुक नरहेको (the defendant's lack of predisposition to engage in the criminal conduct)। Sorrells v United States को मुद्दामा त अझ अमेरिकी सर्वोच्च अदालतले Entrapment प्रतिरक्षाको आधार बन्न विवादित कसूर सरकारी अधिकारी स्वयंको सिर्जना (product of the creative activity of its own officials) हुनुपर्छ भनेको पाइन्छ।[12]

३६. माथि उल्लेख गरिए बमोजिम सम्मानित संवैधानिक इजलासबाट भएको फैसलामा आधार लिइएका विदेशी मुलुकका अदालतहरुबाट भएको फैसला र गरिएको विवेचनाबाट सरकारी अधिकारीहरु स्वयं निर्दोष राष्ट्रसेवकहरुलाई भ्रष्टाचारजन्य कसूरमा सरिक हुन उत्प्रेरित गर्ने माध्यमको रुपमा प्रयोग हुन सक्ने अवस्था प्रति सजगता अपनाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० अमान्य गरिएको देखिन आउँछ जुन संविधान र कानूनको मान्य सिद्धान्त अनुकुल रहेको छ । तर अरु प्रमाणहरुबाट प्रमाणित हुने अवस्था छ भने पनि कुनै राष्ट्रसेवकले गरेको भ्रष्टाचारजन्य कसूरबाट सफाइ पाउनु पर्छ भन्ने सम्मानित संवैधानिक इजलाशको फैसलाको मकसद रहेको देखिंदैन। यस अदालतको संवैधानिक इजलासबाट ०७४-WO-००२० नं को मुद्दामा भएको फैसला मै पनि भ्रष्टाचार निवारण हुन आवश्यक रहेको र राज्य व्यवस्थालाई नै जर्जर बनाउने गम्भीर अपराधिक कार्य भएकोले भ्रष्टाचार निवारणका लागि राज्यले हरसम्भव वैध (उचित) उपायहरुको प्रयोग गर्नु पर्ने (अनुच्छेद २३) भनी उल्लेख भएकै देखिन्छ। भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि[13] को धारा ५०(१) मा भ्रष्टाचार निवारणका लागि विधुतीय निगरानी र सुराकी

---

[9] That expressions such as state-created crime and lure and incite focus attention on the role played by the police in the formation of the defendant's intent to commit the crime in question. If the defendant already had the intent to commit a crime of the same or a similar kind, then the police did no more than give him the opportunity to fulfil his existing intent. This is unobjectionable. If the defendant was already presently disposed to commit such a crime, should opportunity arise, that is not entrapment. That is not state-created crime - Regina v Loosely (2001) UKHL 53 para 21.

[10] Whenever the defendant's predisposition to commit the crime is established there cannot be a defence of entrapment- Regina v Loosely (2001) UKHL 53 para 22.

[11] Mathews v United States, 485 US 58, 63 (1988)

[12] Sorrells v United States, 287 U S 435, 451

[13] Adopted by General Assembly resolution 58/4 of 31 October 2003

परिचालन लगायतका अन्य विशेष अनुसन्धानमूलक उपायहरु अवलम्वन गर्न सकिने व्यवस्था पनि भएको पाइन्छ। भ्रष्टाचार निवारण ऐन, २०५९ मा पनि भ्रष्टाचारको कसूरका सम्वन्धमा सूचना संकलनका लागि सुराकीको परिचालन गर्न सकिने, त्यस्तो सुराकीको नाम र विवरण गोप्य राखिने (दफा ६०) तथा भ्रष्टाचार भएको कुराको सूचना प्राप्त भएमा सम्बन्धित ठाउँमा छापा मार्ने (दफा २५) लगायतका अधिकारहरु अनुसन्धान अधिकारीलाई प्राप्त भएको देखिन्छ। त्यसैले अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० नरहेको मानेर हेर्दा पनि मौजुदा प्रमाणहरुबाट कुनै व्यक्तिले भ्रष्टाचारजन्य कसूर गरेको प्रमाणित हुन आउँछ भने त्यस्तो व्यक्तिलाई सफाइ दिन मिल्ने देखिंदैन। यस सम्वन्धमा संवैधानिक इजलासको सोही फैसलामा उल्लेख गरिएको भनाइ महत्वपूर्ण छ। उक्त फैसलामा भनिएको छ–"मुद्दामा उक्त नियम ३० बमोजिम बाहेक अन्य तवरबाट संकलन गरिएका प्रमाणहरु पनि रहेका हुन्छन् ।सो नियम ३० अमान्य र बदर हुँदैमा अदालतमा बिचाराधीन मुद्दा स्वतः समाप्त हुने वा खारेज हुने वा भए गरिएका सम्पूर्ण कारवाहीहरु प्रारम्भ देखि नै अमान्य र बदर हुने होइनन् ।न्यायिक प्रक्रियामा रहेका विवादको निरुपण गर्ने नियमित विधि पद्दति निर्धारित छन्।नियम ३० लाई अमान्य र बदर भनी घोषित गरिएकोसम्मको कारणबाट अदालतमा बिचाराधीन मुद्दा नै खारेज हुनुपर्छ भन्न वा सबै काम कारबाही अमान्य र बदर हुन्छन् भन्ने सम्झन मिल्दैन ।मुद्दामा संकलित अन्य प्रमाणको मूल्याङ्कनका आधारमा आरोप दावी ठहर हुने वा नहुने कुराको न्यायिक निरुपण गर्नु नै पर्ने हुन्छ ।" (प्रकरण ३५)।

३७. माथि गरिएको विवेचना अनुसार प्रतिवादीबाट बरामद भएको घुस रिसवत बापतको रकमलाई प्रमाणमा लिने वा नलिने भन्ने सम्बन्धमा निष्कर्षमा पुग्नु पर्दा देहायका अवस्थाहरुलाई विचार गर्नु पर्ने देखिन्छ :

क. घूस रिसवत बापतको भनी बरामद भएको रकम सरकारी अधिकारी स्वयंले दिएको देखिन्छ वा सेवाग्राहीबाट लिएको देखिन्छ ?

ख. सेवाग्राहीले दिएको हो भने निजले प्रतिवादीबाट निजको ओहोदाको काम गराउन बापतमा दिएको देखिन्छ वा अरु नै कुनै काम कारोबारको सिलसिलामा दिएको देखिन्छ ?

ग. सेवाग्राहीले सरकारी काम गराउन बापत मै दिएको हो भने पनि निज स्वयंले आफ्नै मनखुशीले दिएको देखिन्छ वा सरकारी अधिकारीले उपलब्ध गराएको कारणले दिएको देखिन्छ ?

घ. सरकारी अधिकारीले उपलब्ध गराएको कारणले दिएकोमा पनि निजको आफ्नो अनुरोधमा सरकारी अधिकारीले उपलब्ध गराएको देखिन्छ वा सरकारी अधिकारी स्वयंको पहलमा निजलाई उपलब्ध गराइएको कारणले दिएको देखिन्छ ?

ङ. यस्तो घूस रिसवत बापतको रकम प्रतिवादीले घूस लिन नचाहँदा नचाहँदै निजको घूस रकम लिने नियत निर्माणका लागि प्रयोग भएको देखिन्छ वा प्रतिवादीले घूस रकम लिने गरी पहिल्यै देखि बनाएको नियत पूरा गराउन सहयोग पुऱ्याउने उद्देश्यले दिएको देखिन्छ ?

च. निज प्रतिवादीलाई घूस रिसवत लिनु पर्ने अवस्थामा पुऱ्याई फसाउनु पर्ने सम्मको कुनै कारण रहेको देखिन्छ वा देखिंदैन ?

३८. अभियोजन पक्ष स्वयंले आफ्नो कर्तव्य प्रति प्रतिवद्ध कुनै निर्दोष राष्ट्रसेवकलाई घूस रिसवत लिन उत्प्रेरित (Induce) गरेको वा प्रलोभन जगाएको वा प्रोत्साहित गरेको रहेछ भने अथवा निहित वैयक्तिक वा राजनीतिक स्वार्थले अभिप्रेरित भएर फसाउन तथा कसैको मान मर्यादा प्रतिष्ठामा आँच पुऱ्याउन कृत्रिम अपराध सिर्जना गरिएको स्थिति छ भने त्यसतर्फ अदालतले बडो सतर्कता अपनाउनु पर्ने हुन्छ। आफ्नो कर्तव्य प्रति प्रतिवद्ध राष्ट्रसेवकलाई ललाएर, फकाएर वा अन्य कुनै प्रकारको षडयन्त्रमा पारेर घूस रिसवत रकम लिन बाध्य पारिनु भनेको राज्य स्वयंले अपराध सिर्जना गरेको अवस्था हो। सरकारी अधिकारीको यस्तो कार्यले घूस रकम लिने इच्छा नभएका कर्मचारीलाई पनि घूस रकम लिने इच्छा निर्माण गराइ दिन्छ र घूस रकम लिने अवस्थामा पुऱ्याइदिन्छ। यस्तो कार्यले भ्रष्टाचारजन्य कसूरको नियन्त्रणमा योगदान पुऱ्याउनु भन्दा पनि त्यस्तो कार्य नियन्त्रण गर्ने नाममा राज्य आतङ्क सिर्जना हुन पुग्ने देखिन्छ। यसरी संकलन गरिएको प्रमाण स्वच्छताको सिद्धान्त अनुकूल हुने मानिंदैन। तर घूस रकम लिने इच्छा बनाइ सकेका तथा पटक पटक घूस रकम माग गरी घूस रकम नपाएसम्म काम नगरिदिने प्रवृत्ति देखाएका कर्मचारीलाई निजले माग गरे बमोजिमको घूस रकमको व्यवस्था गरी दिएको अवस्थालाई भने फरक रुपमा हेरिनु पर्दछ। यो अवस्थालाई राज्य सिर्जित अपराध मान्न मिल्दैन। Regina v Loosely को मुद्दामा भएको फैसलामा यही मान्यता राखिएको पाइन्छ।[14] यदि यो अवस्थालाई फरक रुपमा नहेर्ने हो भने कुनै राष्ट्रसेवकले घूस रकम नपाइ काम नगरिदिने अनि निजले माग गरे अनुसारको घूस रकम दिई काम गराउने हो भने भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(३) मा उल्लेख भए बमोजिम यसरी घूस रकम दिने सेवाग्राही पनि सजायको भागीदार बन्नु पर्ने कारणले त्यस्तो अपराधिक कार्यका सम्बन्धमा कुनै उजुरी नपर्ने भई घूस रिसवत लिने दिने कार्य कानूनी दायराबाट बाहिर रहन जाने देखिन्छ। यस प्रकार प्रतिवादीबाट घूस रिसवत बापतको रकम बरामद भएको भन्ने मात्र आधारमा निजले भ्रष्टाचारको कसूर गरेको भनी ठहराउने भन्दा पनि त्यस्तो रकम के कस्तो

[14] Regina v Loosely (2001) UKHL 53 Para 21

नियतले कसबाट के कसरी लिएको देखिन्छ भन्ने कुराको समग्र परिस्थितिका सन्दर्भमा मूल्याङ्कन गरी उचित निष्कर्षमा पुग्नु वाञ्छनीय हुने देखिन्छ।

३९. अब प्रस्तुत मुद्दामा निज पुनरावेदक प्रतिवादीबाट बरामद भएको रकम देखि बाहेक अन्य प्रमाणबाट निज प्रतिवादीले भ्रष्टाचारको कसूर गरेको भनी प्रमाणित हुने अवस्था रहेको देखिन्छ वा देखिंदैन भन्ने प्रश्नतर्फ पनि विचार गरौं। अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्रतिवादीलाई दिन भनी सेवाग्राही सीता शाहीलाई उपलब्ध गराइएको रकम निजले प्रतिवादीलाई दिएको र निज प्रतिवादीबाट बरामद भएको बरामदी मुचुल्का तथा उक्त रकम बरामद हुँदाको बखतको श्रव्यदृश्य रेकर्डिङ्ग भएको सि डि लाई बिर्सेर मिसिल संलग्न अन्य कागज प्रमाणहरुको अध्ययन गर्दा प्रस्तुत मुद्दामा सेवाग्राही सीता शाही आफ्नो जग्गा हालसाविक गर्न मिति २०७३।६।१७ मा प्रतिवादी नापी सर्वेक्षक कार्यरत २ नं नापी टोलीको कार्यालय, बुढानिलकण्ठमा निवेदन लिई गएको र उक्त कार्यालयबाट निज सीता शाहीको जग्गा हालसाविक सम्बन्धी प्रक्रिया अगाडि बढाउन आवश्यक नाप जाँच समेतको कार्य गर्न प्रतिवादीलाई जिम्मेवारी तोकिएको तथ्यमा विवाद रहेको देखिंदैन। सेवाग्राही सीता शाहीले आफ्नो काम गरी दिने प्रयोजनका लागि प्रतिवादीले आफूसंग पहिलेको भन्दा २ दाम बढी जग्गा निस्कन्छ, फाइल पनि आफूसंगै छ भनी पहिले रु ५०,०००।- माग गरेको र पछि रु ३०,०००।- दिए पनि हुन्छ भन्ने कुरा गरेको भनी सो बराबरको रकम उपलब्ध गराइ पाउन अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी दिएको देखिन्छ। निज सीता शाहीले अनुसन्धान अधिकृत समक्ष कागज गर्दा पनि आफ्नो उजुरी व्यहोरा सही साँचो भएको र घूस रकम बरामद हुँदाको दिन घूस रकम बरामद हुँदाको श्रव्यदृश्य सि डि एउटा र घूस रकम बरामद हुनु भन्दा अगाडिको घूस रकम लिने दिने सम्बन्धमा भएको वार्तालापको रेकर्डिङ्ग गरिएको अडियो सि डि अर्को गरी २ वटा सि डि पनि सनाखत गरिदिएको देखिन्छ। निज सेवाग्राही सीता शाहीको विशेष अदालतमा बकपत्र भएकोमा त्यसरी बकपत्र हुँदा पनि मौकाको उजुरी व्यहोरालाई समर्थन गर्दै अडियो सि डि आफैले पेश गरेको तथ्यलाई पुष्टी हुने गरी लेखाइ दिएको देखिन्छ। मिति २०७३।१२।६ मा बरामदी मुचुल्का हुँदा यी प्रतिवादीबाट सेवाग्राही सीता शाहीका अतिरिक्त तिलक वहादुर गुरुङ्ग, दिलिप कुमार गुरुङ्ग र चन्द्र कुमारी गुरुङ्गको जग्गा सम्बन्धी फाइल एवं विष्णु बुढानिलकण्ठ गा वि स वडा नं ६क२ को ब्लुप्रिन्ट ६ थान पनि बरामद भएको देखिन्छ। उक्त बरामदी मुचुल्कालाई प्रतिवादीले अदालतमा बयान गर्दा पनि स्वीकार गरेको देखिनुका साथै मौकामा कागज गर्ने मनिप्रसाद रेग्मी, कुमार कार्की, शैलेन्द्र पाण्डे, रवि घिमिरे र हरिकृष्ण त्रिपाठीको बकपत्र व्यहोराबाट समर्थित भएको देखिन्छ। यी प्रमाणहरुको रोहमा विचार गर्दा प्रतिवादीले सेवाग्राही

उजुरकर्ता सीता शाहीबाट घूस रिसवत बापत रकम लिएको तथ्य प्रमाणित हुन आएको देखिन्छ।

४०. माथि उल्लेख भए अतिरिक्त प्रतिवादीले गरेको बयान व्यहोरालाई हेर्दा पनि अनुसन्धान अधिकारी समक्ष बयान गर्दा उजुरकर्ता सीता शाहीको जग्गा हालसाविक गर्ने काममा आफूलाई जिम्मेवारी तोकिएको कुरालाई स्वीकार गरेका छन्, जग्गाको हालको क्षेत्रफल केही बढी देखिएकोले मिलाउनका लागि भनी उजुरकर्तासंग पैसा मागेको तथ्यलाई पनि स्वीकारेका छन्, आफूले माग गरे बमोजिमको रकम उजुरकर्ताले नदिएको कारणले लामो समयसम्म काम रोकेको तथ्यलाई पनि स्वीकार गरेका छन्, जग्गा हालसाविक गर्ने सम्बन्धमा उजुरकर्तासंग पटक पटक फोन सम्पर्क भएको तथ्यलाई पनि स्वीकार गरेका छन्, उजुरकर्ता र निज प्रतिवादी बीच भएको भनिएको अडियो रेकर्ड भएको सिडी कम्प्युटरको माध्यमबाट सुनाउँदा सुनेको र आफ्नै रहेको तथ्यलाई पनि स्वीकार गरेका छन्, रकम बरामद हुँदाको बखतको श्रव्यदृश्य सहितको अर्को सिडिलाई पनि स्वीकार गरेका छन्, रकम उजुरकर्ताको घर मै गएर लिएको भन्ने तथ्यलाई पनि स्वीकार गरेका छन्। प्रतिवादीले विशेष अदालतमा बयान गर्दा उजुरकर्ता आफ्नै टोल छिमेकको भएकोले जग्गा किन्न भनी आफूसंग दुई लाख रुपैयाँ सापट मागेकोले २ वर्ष अगाडि सापट दिएको र सोही मध्येको रकम फिर्ता लिएको हुँ भन्दै अभियोग माग दावी बमोजिमको कसूरमा इन्कार रहेको तथा मलाई फसाउने नियतले उजुरकर्ताले पटक पटक फोन गरी निजकै घरमा बोलाई अरु पैसा भएन यो लग्दै गर्नु भनी रु ३०,०००।- मेरो ऋण बापतको रकम फिर्ता दिएको भन्ने व्यहोरा लेखाएको देखिन्छ। तर कुन जग्गा खरिद गर्नका लागि ऋण मागेको र दिएको हो भन्ने खुलाउन सकेको देखिंदैन र सो बमोजिम कर्जा लिएको कुनै लिखत कागज समेत पेश गर्न सकेको देखिँदैन । आफैले दिएको ऋण रकम फिर्ता लिन निज उजुरकर्ता सीता शाहीले पटक पटक फोन गरेको भन्ने प्रतिवादीको भनाइ पनि विश्वासनीय देखिंदैन। सामन्यतया कसैले कसैलाई ऋण रकम दिएको रहेछ भने सो रकम फिर्ता लिनका लागि बरु ऋण रकम उपलब्ध गराउने व्यक्तिले नै पटक पटक फोन गर्नु पर्ने स्थिति बनेको हुनसक्छ तर ऋणीले ऋण रकम फिर्ता लिन आउनु भनी पटक पटक फोन गरेको भन्ने भनाइ स्वाभाविक देखिन आउँदैन। प्रस्तुत मुद्दामा त यसरी पटक पटक फोन गरेकोले गएको भनी प्रतिवादीले भनेको तर निजको भनाइ अनुसारको पूरा रकम पाएको भन्ने पनि देखिंदैन। यो अवस्थाले निज प्रतिवादीको भनाइ व्यहोरा थप अस्वाभाविक देखाएको पाइन्छ। किनभने आफूले तिर्नु पर्ने रकम लिन पटक पटक बोलाएको भन्नु अनि रकम बुझेको दिन पनि पूरा रकम नदिएर रु ३०,०००।- मात्र लग्दै गर्नु भनी दिएको भन्ने प्रतिवादीको भनाइ परस्पर विरोधाभासपूर्ण पनि रहेको देखिन्छ। निज प्रतिवादीले अदालतमा बयान गर्दा पनि उजुरकर्तासंग कुनै रिसइवी नरहेको भनी लेखाएको देखिन्छ। कुनै रिसइवी

नरहेको व्यक्तिले अनाहकमा घूस रिसवत रकम मागेको भनी पोल गर्नु पर्ने कुनै कारण पनि रहेको देखिंदैन। निज प्रतिवादी कै बयान व्यहोरालाई आधार मान्दा निज प्रतिवादी नापी कार्यालय नवलपरासीमा सरुवा भएको र मिति २०७३।११।१० गते देखि नवलपरासीको कार्यालयमा हाजिर भइसकेको देखिन्छ। अन्यत्र कार्यालयमा सरुवा भइसकेको मान्छेको साथबाट साविक कार्यालयमा रहँदाको निज उजुरकर्ताको जग्गा सम्बन्धी फाइल बरामद भएको स्थितिबाट घूस रिसवत रकम नदिएसम्म काम नगरी दिएको भन्ने उजुरकर्ताको भनाइ व्यहोरा थप पुष्टि हुन आएको पाइन्छ। मिति २०७३।६।१७ मा जग्गा हाल साविकका लागि उजुरकर्ताले निवेदन दिएकोमा मिति २०७३।१२।६ सम्म अर्थात करिब ६ महिनासम्म काम नगरी दिएको र फाइल साथैमा बोक्दै हिंडेको देखिएकोबाट निज प्रतिवादीको घूस रिसवत लिने मनसाय प्रमाणित हुनुका साथै उजुरकर्ताको उजुरी व्यहोरा पनि थप समर्थित भइरहेको देखिन्छ। निज प्रतिवादीको साथवाट यी उजुरकर्ता सीता शाहीको मात्र फाइल बरामद भएको नभई तिलक वहादुर गुरुङ्ग समेतका अन्य व्यक्तिहरुको फाइल पनि बरामद भएको देखिएकोबाट निजले विभिन्न व्यक्तिहरुसंग आफूले गर्नु पर्ने काम गरिदिनका लागि वनदियतपूर्वक मोलमोलाही गर्ने गरेको तथ्य थप समर्थित हुन आएको देखिन्छ। निजामति सेवा ऐन, २०४९ को दफा ७४ तथा निजामति सेवा नियमावली, २०५० को नियम ४०(१) र नियम १२४ मा कुनै पनि कर्मचारी सरुवा भए पछि सरुवा भइ जाने कार्यालयमा हाजिर हुन जानु अघि साविक कार्यालयमा रहँदाको आफ्नो जिम्माको फाइल कागजातहरु सरुवा भएको मितिले २१ दिनभित्र बुझबुझारथ गर्नु पर्ने व्यवस्था गरिएको पाइन्छ। निज प्रतिवादीले आफू सरुवा भई सरुवा भएको हालको कार्यालयमा हाजिर पनि भइसकेको तर साविकको कार्यालयमा रहँदाको फाइल कागजातहरु बुझबुझारथ नगरी साथैमा बोक्दै हिंडेको देखिएकोमा यदि यी सेवाग्राहीबाट घूस रिसवत रकम पाए काम गरी दिने नियत नभएको भए त्यसरी आफू सरुवा भइसकेपछि पनि साविक कार्यालयमा हुँदाको आफ्नो जिम्माको फाइल कागजातहरु साथैमा बोकी हिंड्नु पर्ने कुनै अन्यथा कारण रहेको देखिंदैन। सो को अन्यथा कारण रहेको भए निज प्रतिवादीले प्रमाणित गर्न सक्नु पर्नेमा सो को कुनै विश्वासिलो र भरपर्दो प्रमाण पेश गर्न पनि सकेको देखिंदैन। साविक कार्यालयका कार्यालय प्रमुख कुमार कार्कीले अदालतमा बकपत्र गर्दा बाँकी कामको फाइल पनि बुझाएर जान भनेको भनी आफ्नो व्यहोरा लेखाएको देखिन्छ। निज प्रतिवादीले अदालतमा बयान गर्दा अनुसन्धान अधिकारी समक्षको आफ्नो बयानलाई सजायमा छुट हुन्छ भनी भनेकाले स्वीकार गरेको भनी लेखाएको देखिन्छ। तर एउटा सरकारी सेवामा रहेको जिम्मेवार राष्ट्रसेवकले सजायमा छुट हुन्छ भन्ने प्रलोभन देखाएको भन्ने आधारमा मात्र भ्रष्टाचार जस्तो गम्भीर कसूरमा साविती बयान गरेको भन्ने निजको व्यहोरा पनि प्रतितलायक देखिन आउँदैन।

४१. साथै सेवाग्राही तथा उजुरकर्ता सीता शाहीले मिति २०७३।१२।६ को निवेदनसाथ पेश गरेको प्रतिवादीसंगको निज सेवाग्राहीको वार्तालापको अडियो रेकर्डिङ्गको सि डि मिति २०७४।८।११ मा निज प्रतिवादी समेतको रोहवरमा विशेष अदालतको इजलासमा लिपिवद्ध गरिएको देखिन्छ। उक्त वार्तालाप घूस रकम लिंदा दिंदाको बखतको नभई घूस रकम लिनु दिनु भन्दा अगाडिको अवस्थामा भएको देखिन्छ। उक्त वार्तालापमा वार्तालापको प्रारम्भ हुँदा प्रतिवादीले ७ बजे फोन गर्नु भनेको कारणले सेवाग्राही सीता शाहीले फोन गरेको, प्रतिवादीले म त्यहीं घरमा आउँछु भनेको, सेवाग्राहीले आफू घरैमा त रहेको तर अस्पतालमा बिरामीलाई खाना लिएर जानु पर्ने भएकोले १० बजे भन्दा पहिले नभ्याउला जस्तो छ भनेको, प्रतिवादीले म अहिले यहीं नजिकै कपुरधारामा छु भनेको, सेवाग्राहीले हैन सर म त अहिले खाना लिएर अस्पतालतिर निस्कन निस्कन आँटेको भनी भनेको जस्ता कुराकानीबाट प्रारम्भ भएको देखिन्छ। संवाद हुँदै जाँदा प्रतिवादीले अहिले नभ्याउने नै हो भने तपाइ जेठमा मात्र गर्नुस् भनेर सेवाग्राहीलाई भनेको पनि देखिन्छ। पछि घरमा भेट हुँदा सामान्य सत्कारका विषय जस्तो आउनु, बस्नुस् जस्ता कुराहरु हुन्छन्। अनि प्रतिवादीले अब पहिला कसरी अब पहिला कसरी भनेकोमा सेवाग्राहीले "पैसा नभइकन कसरी गर्ने त सर अनि पैसा हुनुपर्‍यो नी त हामीसंग कहाँबाट पैसा आउँछ र त्यत्रो" भनेको पाइन्छ। जवाफमा प्रतिवादीले "हो हो त्यतो त हो" भनेको पाइन्छ। संवाद हुँदै जाँदा सेवाग्राहीले "अनि के गर्नु अब पैसा म तपाइलाई दिन्छु काम आजै हुन्छ त ?" भन्दा प्रतिवादीले "अब आज एक दिन पर्खिन पर्छ म यो भ्याउन्न यो सामान लिन जानु छ" भनेको देखिन्छ। लगत्तै फेरी प्रतिवादीले "अँ" भन्दै "तपाइ त्यही आज पैसा म त्यहाँ चाइनी भोलि चाइनी तयार गर्दिन्छु भोलि। भोलि म बेलुका जानु पर्छ फेरि। तपाइको काम सिध्याएर जान पर्ने हो" भन्छन्। सेवाग्राहीले "अनि तपाइले त भोलि जान्छु भन्दै हुनुहुन्थ्यो त हैन ?" भन्दा प्रतिवादीले "अँ हो" भन्छन्। फेरि सेवाग्राहीले "अनि मेरो कामको लागि चाँहि बस्नु हुन्छ त तपाइ फेरि" भन्दा प्रतिवादीले "अँ अँ तपाइको लागि चाइनी म बसीदिउँला" भन्छन्। संवाद हुँदै जाँदा सेवाग्राहीले "पैसा दिम् त अहिले नै ?" भन्दा प्रतिवादीले "हुन्छ दिनुस् अनि लालपूर्जा पनि दिनुस् अँ सक्कल लालपूर्जा" भन्छन्। संवाद हुँदै जाँदा सेवाग्राहीले "चालिस हजार त छैन तीस हजार हो" भन्दा प्रतिवादीले "हुन्छ त्यही भए पनि अब तपाइहरु म त यहाँ छैन त्यति हो हेर्नु ... गराएर जान्छु, भोलि ११ बजे तिर त्यहाँ आइपुग्नु त लालपूर्जा लिएर" भन्छन्। अनि सेवाग्राहीले "हस् ल पैसा लिनु" भनेको सुनिन्छ। विशेष अदालतमा बयानका बखत अडियो सि डि का सम्बन्धमा सोधनी गर्दा घूस रकम मागेको लिएको व्यहोरालाई सम्म इन्कार गरेको भए पनि सि डि मा प्रयुक्त आवाजलाई आफ्नो होइन भनी भन्न सकेको देखिंदैन। सेवाग्राहीको कागज व्यहोरा सुनाउँदा निजले उक्त व्यहोराका सम्बन्धमा खण्डन नगरी केवल आफूसंगबाट लिएको रकम नतिरी उल्टै फसाउने

नियत किन राखिन्, त्यसो नगर्नु पर्ने हो भनेको देखिन्छ। यो वार्तालापबाट पनि सेवाग्राही उजुरकर्ता र प्रतिवादी बीच निज सेवाग्राहीको काम गरी दिने भए वापतमा घूस रकम मागेको र दिएको भन्ने प्रष्ट देखिन आएको पाइन्छ।

४२. अब प्रस्तुत मुद्दामा सेवाग्राही उजुरकर्ता र प्रतिवादी बीच भएको संवादको अडियो रेकर्डिङ्ग प्रमाणमा लिन मिल्ने हो वा होइन भन्ने प्रश्न पनि उठ्न सक्दछ। कुनै पनि प्रमाणको प्रमाणग्राह्यता (admissibility of evidence) का सम्बन्धमा हाम्रो प्रमाण ऐन, २०३१ को दफा ३ ले सम्बद्धतालाई आधार मानेको पाइन्छ। प्रमाणमा लिन नहुने भनी उल्लेख नभएको र मुद्दामा ठहर गर्नु पर्ने कुरासंग सम्बद्ध छ भने तथा प्रमाण कानूनको मान्य सिद्धान्त अनुरुप प्रमाणमा ग्रहणयोग्य रहेको देखिन्छ भने ती कुराहरु प्रमाणमा लिन सकिने अवस्था देखिन्छ। यी सिद्धान्त र व्यवस्थाका आधारमा कुनै प्रमाणको प्रमाणग्राह्यताका सम्बन्धमा विचार गर्दा तीनवटा कुराहरु सम्बद्धता (Relevance), विश्वासनियता (Reliability) र वजन (Weight) महत्वपूर्ण मानिन्छन्। सम्बद्धता मुद्दामा ठहर गर्नु पर्ने कुरालाई प्रमाणित वा खण्डन गर्न सहायता पुऱ्याउने आधारमा यकिन गरिने हुन्छ भने विश्वासनियता प्रमाणको स्रोतको आधारमा यकिन गरिने हुन्छ। त्यसैगरी प्रमाणको वजन प्रमाणको प्रकृतिबाट जस्तो प्रत्यक्ष प्रमाण हो वा परिस्थितिजन्य प्रमाण हो भन्ने आधारमा यकिन गरिने हुन्छ। यस पृष्ठभूमिमा अडियो रेकर्डिङ्गको प्रमाणग्राह्यताका सम्बन्धमा विचार गर्दा हाम्रो प्रमाण कानूनले यस प्रकारको रेकर्डिङ्गलाई प्रमाणमा लिन नहुने गरी व्यवस्था भएको पाइदैन। भारतीय अदालतहरुको अभ्यासलाई हेर्दा पनि यस्तो रेकर्डिङ्ग प्रमाणग्राह्य हुने मान्यता राखेको देखिन्छ। R M Malkani v State of Maharashtra[15] को मुद्दामा वार्तालापको अडियो रेकर्डिङ्ग यदि सम्बद्ध रहेको देखिन्छ, रेकर्डिङ्गमा प्रयुक्त आवाज पहिचान हुन सक्ने छ र त्यस्तो रेकर्डिङ्ग थप्ने मेट्ने भएको छैन भने प्रमाणग्राह्य हुने भनी भारतीय सर्वोच्च अदालतले फैसला गरेको देखिन्छ। Ziyaddin Burhanuddin Bukhari v Brijmohan Ramdas Mehta[16] को मुद्दामा यदि यस्तो रेकर्डिङ्ग तोडमोड (tampered) गरिएको छैन भने त्यस्तो रेकर्डिङ्गमा व्यक्त गरिएको कुराका सम्बन्धमा यही नै सर्वोत्तम प्रमाण मानिने सिद्धान्त प्रतिपादन भएको पाइन्छ। यी सैद्धान्तिक मान्यताको आधारमा प्रस्तुत मुद्दामा पेश हुन आएको सेवाग्राही र निज प्रतिवादी बीचको वार्तालाप रेकर्ड गरिएको अडियो रेकर्डिङ्गको स्थितिलाई हेर्दा उक्त अडियो रेकर्डिङ्ग विशेष अदालतको इजलासमा लिपिवद्ध गरिएको देखिएको छ। त्यसरी अडियो रेकर्डङ्ग लिपिवद्ध गर्दा यी प्रतिवादीलाई पनि रोहवरमा राखिएको छ। उक्त अडियो रेकर्डिङ्गमा सुनिएको आवाज आफ्नो होइन भन्ने

[15] (1973) 1 SCC 471

[16] (1976) 2 SCC 17; See also Ram Singh & others v Ram Singh (1985) SCR Suppl. (2) 399; Mahabir Prasad Verma v Dr. Surinder Kaur (1982) 2 SCC 258; R K Anand vs Registrar, Delhi High Court (2009) 8 SCC 106

प्रतिवादीको जिकिर रहेको देखिंदैन। उक्त रेकर्डिङ्ग कुनै तरहेले तोडमोड गरिएको भन्ने भनाइ पनि रहेको देखिंदैन। यो स्थितिमा निज प्रतिवादी र सेवाग्राही बीच भएको वार्तालापको रेकर्डिङ्गलाई प्रमाणमा लिन मिल्ने नै देखिएको तथा उक्त रेकर्डिङ्गमा भएको वार्तालापबाट निज प्रतिवादीले उजुरकर्ता सेवाग्राहीबाट घूस रिसवत रकम माग गरेको र लिएको भन्ने देखिन आएको छ।

४३. वर्तमान समाजमा भ्रष्टाचारको समस्या विकराल बनेको तथ्य कसैबाट छिपेको विषय होइन। के सरकारी के गैरसरकारी, के नाफामूलक के सेवामूलक, के विकसित के अविकसित सबै समाजमा भ्रष्टाचाररुपी गन्ध फैलिएको छ। शक्ति, प्रभाव वा वैयक्तिक लाभ आर्जन गर्न गैरकानूनी उपायको अवलम्वन गर्ने अभ्यास आजको समाजमा सामान्य बनेको छ। भ्रष्टाचारको यो विकराल अवस्थाले सामाजिक आर्थिक लगायत समग्र मुलुकको विकासमा मात्र असर पुऱ्याएको नभई सामाजिक मूल्य, मान्यता र नैतिकताको स्तरमा नै गिरावट आएको छ। भ्रष्टाचारको व्यापकताको कारणलले मानवियतालाई नै नचिन्ने अन्धो संस्कारको निर्माण हुन पुगेको पाइन्छ। हरेक जस्तो व्यक्ति पैसा र प्रभावको लागि जे पनि गर्न तयार हुने मानसिक दरिद्रतावाट ग्रस्त भई मूल्यहीन जीवन बाँचेको स्थिति रहेको छ। यो अवस्थाको प्रचुरता सार्वजनिक जीवनमा नै व्यापक भएकाले गर्दा सरकारी निकाय, पदाधिकारी र समग्र राज्य प्रणाली प्रति नै वितृष्णाको भावना विकास हुन पुगेको छ। भ्रष्टाचार निवारणका लागि प्रयासै नभएको पनि होइन। नेपालमा अन्य कानूनहरुको अतिरिक्त भ्रष्टाचार निवारण ऐन, २०५९ तर्जुमा गरी रिसवत लिने, रिसवत लिन मञ्जुर गर्ने, रिसवत दिने, गैरकानूनी रुपमा सम्पत्ति आर्जन गर्ने लगायतका कार्यहरुलाई मात्र होइन, त्यस्तो कसूरको उद्योग गर्ने कार्यलाई पनि भ्रष्टाचारको कसूर मानिने गरी सोही ऐनको परिच्छेद–२ मा व्यवस्था गरिएको पाइन्छ र भ्रष्टाचारको उद्योगको कसूर गर्नेलाई पनि दफा २१ मा मूल कसूरदारलाई हुने सजायको आधा सजाय हुने व्यवस्था पनि गरिएको पाइन्छ। यी कानूनी व्यवस्थाहरुको वावजूद भ्रष्टाचारको यो विकराल समस्या बढीरहेको कुरा सत्य हो। साथसाथै यस्ता भ्रष्टाचारीहरुलाई समस्याको विकरालताको अनुपातमा कानूनी कारबाहीको दायरामा ल्याउन नसकिएको तथ्य पनि सत्य हो। खास गरेर भ्रष्टाचारको कसूरमा बढी चेतनशिल र जागरुक वर्ग नै संलग्न हुने भएको तथा कतिपय अवस्थामा भ्रष्टाचारमा संलग्न दुवै पक्ष लाभग्राही हुने भएकोले यस्ता कसूरको उजुरी कम पर्ने तथा उजुरी परे पनि प्रत्यक्ष प्रमाणको अभाव रहने कारणले गर्दा कानूनी कारवाहीको दायरामा ल्याइएकाहरु पनि अपराधिक दायित्ववाट मुक्त हुने प्रवल सम्भावना रहने गरेको देखिन्छ। भ्रष्टाचारको कसूरमा सामान्यतया प्रत्यक्ष प्रमाणको अभाव रहने तथा समाजको क्यान्सररुपी यो रोगको निवारण गरी राज्यमा सुशासनको प्रत्याभूति पनि दिनु पर्ने आजको आवश्यकताका सन्दर्भमा अदालतहरुले भ्रष्टाचारको कसूर प्रमाणित हुने मापदण्डको रुपमा

पछिल्लो समयमा आएर परिस्थितिजन्य प्रमाणहरुलाई पनि ग्रहण गर्ने मान्यताको विकास गरेको देखिन्छ। भारतीय सर्वोच्च अदालतले भनेको छ–"the demand and acceptance of gratification by a public servanct can be proved also by circumstantial evidence in the absence of direct evidence"।[17] प्रस्तुत मुद्दामा त परिस्थितिजन्य प्रमाणको भर पर्नु पर्ने स्थिति पनि छैन। उजुरकर्ता सेवाग्राहीबाट रकम लिएको तथ्यमा प्रतिवादीले अदालतमा बयान गर्दा पनि स्वीकार गरेको देखिएको छ, निजले आफ्नो ऋण बापतको रकम फिर्ता लिएको भनी बयानमा उल्लेख गरेको भए पनि निजको सो बयान व्यहोरा प्रमाणित भएको नदेखिएको अवस्था छ, उजुरकर्ता सेवाग्राहीले मौकामा कागज गर्दा एवं अदालतमा बकपत्र गर्दा पनि किटानीका साथ पोल गरेको देखिएको छ र निज सेवाग्राही तथा प्रतिवादी बीच भएको वार्तालापको अडियो रेकर्डिङ्गले प्रतिवादीको बयान व्यहोरा र उजुरकर्ताको बकपत्र व्यहोरा समर्थित भइरहेको देखिएको छ। यी प्रमाणहरु प्रस्तुत मुद्दामा प्रत्यक्ष प्रमाणको रुपमा नै रहेको देखिन आउँछ। भारतीय सर्वोच्च अदालते Ziyaddin Burhanuddin Bukhari v Brijmohan Ramdas Mehta को मुद्दामा यस्तो रेकर्डिङ्गमा उल्लिखित व्यहोराका सम्वन्धमा सो रेकर्डिङ्ग नै सर्वोत्तम प्रमाण हुन्छ भनेर मानेको देखिन्छ।[18] यसैगरी Ram Singh & Ors v Ram Singh को मुद्दामा पनि भारतीय सर्वोच्च अदालतले यस्तो रेकर्डिङ्गमा उल्लिखित व्यहोरालाई निश्चित अवस्थामा बाहेक प्रमाणमा ग्रहणयोग्य हुने भन्दै त्यस्ता अवस्थाहरु समेत तोकिदिएको पाइन्छ।[19] घूस रिसवत लिने दिने कसैले पनि भरपाइ गरेर घूस रिसवत लिने दिने कुरा आउँदैन। यदि प्रतिवादी स्वयंले सेवाग्राहीबाट रकम लिएको तथ्यलाई स्वीकार गर्दछ र त्यस्तो रकम निजको आफ्नो ओहोदाको काम कर्तव्य सम्पादन गरे बापत लिएको मात्र नसकिने गरी अन्यथा प्रमाणित भएको अवस्था छैन भने अदालतले यो भन्दा अरु सर्वोत्तम प्रमाण खोजेर प्रतिवादीलाई घूस रिसवतको कसूरबाट सफाइ दिनु प्रमाण कानूनको मान्य सिद्धान्त विपरीत हुन्छ। यसका अतिरिक्त उजुरकर्ता सेवाग्राहीले आफ्नो जग्गा हालसाविकका लागि निवेदन दिएकोमा कार्यालयबाट सो को जिम्मेवारी यी प्रतिवादीलाई तोकिएको देखिएको, निजलाई तोकिएको सो जिम्मेवारी निजले करिब ६ महिनासम्म पनि पूरा गरेको नदेखिएको, निज प्रतिवादी नवलपरासी जिल्लामा सरुवा भई सो कार्यालयमा हाजिर भइसकेकोमा पनि उजुरकर्ता सेवाग्राहीको जग्गा हालसाविक सम्बन्धी फाइल निजले साथैमा बोकी हिंडीरहेको देखिएको तथा सोही काम गरिदिने विषयलाई लिएर सेवाग्राही र निज प्रतिवादी बीच रकम लिने दिने

[17] Neeraj Dutta v State (Govt of NCT of Delhi), Decided on 15 December 2022, https://indiankanoon.org/doc/15799208/

[18] The tape recorded speeches if not tampered with, were the best form of evidence available with respect to the statements recorded thereto. Ziyaddin Bukhari v Brijmohan Ramdas Mehta (1996) 2 SCC 17

[19] (1985) SCR Suppl. (2) 399

सम्बन्धमा वार्तालाप भएको अडियो रेकर्डिङ्ग पेश हुन आएको देखिएको जस्ता थप परिस्थितिजन्य प्रमाणहरु पनि प्रस्तुत मुद्दामा निज प्रतिवादीको कसूर प्रमाणित गर्न सहायकसिद्ध रहेको देखिन्छ।

४४. भ्रष्टाचारको कसूरमा प्रतिवादीको नियत तत्व महत्वपूर्ण रहने तथ्यमा विवाद छैन। प्रतिवादीको घूस रिसवत लिने नियत नहुँदा नहुँदै निजलाई लोभ्याई वा अनुचित प्रभावमा पारी वा धम्किपूर्ण उपायको अवलम्वन गरी अभियोजन पक्षको दूषित मनसायबाट प्रेरित भएर फसाउने उद्देश्यले प्रतिवादीलाई घूस रिसवत भनिएको रकम लिन वाध्य पारिएको अवस्था देखिन्छ भने निश्चय नै यस्तो अवस्थाका प्रतिवादीको पक्षमा अदालत सुरक्षाकवचको रुपमा उभिनु पर्ने हुन्छ र न्यायिक स्वच्छताको सुनिश्चितता गर्नु अदालतको प्राथमिक दायित्व बन्न आउँछ। तर अरुबाट लोभ जगाइएको र आफै लोभिएको स्थितिका बीच फरक छुट्टयाउनु पर्ने हुन्छ। प्रस्तुत मुद्दामा माथि उल्लेख गरिए जस्तै करिब ६ महिना सम्म पनि प्रतिवादीले सेवाग्राहीको काम नगरिदिएको, सरुवा भइसकेको लामो समय व्यतित हुँदासम्म पनि साविक कार्यालयमा वुझबुझारथ गर्नु पर्ने फाइल कागजातहरु नबुझाई साथैमा बोकेर हिंडिरहेको देखिएको, सेवाग्राहीको काम गरी दिने विषयलाई लिएर सेवाग्राही र प्रतिवादी बीच रकम लिने दिने विषयमा वार्तालाप भएको अडियो रेकर्डिङ्ग पेश हुन आएको, रकम लिएको तथ्यलाई प्रतिवादीले अदालतमा बयान गर्दा पनि स्वीकार गरेको तथा निजलाई उजुरकर्ता सेवाग्राहीले फसाउनु पर्ने सम्मको अन्य कुनै कारण रहेको नदेखिएको अवस्थाको सन्दर्भमा हेर्दा घूस रिसवत नपाई काम नगरिदिने निज प्रतिवादीको मनसाय रहेको तथ्य पनि स्थापित हुन आएको देखिएको छ।

४५. अब प्रस्तुत मुद्दाका प्रतिवादीलाई के कुन कसूरमा के कति सजाय हुनु पर्ने हो भन्ने सम्वन्धमा विचार गर्दा निज उपर अभियोग लगाइएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) मा भएको व्यवस्थालाई हेर्दा कुनै राष्ट्रसेवकले आफ्नो ओहोदा वा सो सम्वन्धी कुनै काम गर्न वा गरिदिए बापत वा नगर्न वा नगरी दिए बापत वा आफ्नो ओहोदा वा सो सम्बन्धी कुनै काम गर्दा आफ्नो वा अरु कसैको निमित्त रिसवत लिएमा वा लिन मञ्जुर गरेमा रिसवत लिनेलाई वा लिन मञ्जुर गर्नेलाई कसूरको मात्रा अनुसार देहाय बमोजिम कैद र बिगो बमोजिम जरिवाना हुनेछ भन्ने उल्लेख हुनुका अतिरिक्त रिसवत लिइ सकेको भए सो रिसवत जफत हुनेछ भनी उल्लेख भएको पाइन्छ। दफा ३(१) मा भएको यो उल्लेखनलाई आधार मान्दा रिसवत लिएमा मात्र होइन, लिन मञ्जुर गरेमा मात्र पनि भ्रष्टाचारको कसूर ठहरिने अवस्था देखिन्छ। यसरी रिसवत लिएमा वा लिन मञ्जुर गरेमा सोही उपदफा (१) को देहायमा उल्लेख भए बमोजिमको कैद र बिगो बमोजिमको जरिवाना हुने व्यवस्था पनि भएको देखिन्छ। रिसवत लिइ सकेको भए त्यस्तो रिसवत जफत हुने व्यवस्था रहेको देखिन्छ। प्रस्तुत मुद्दामा रिसवत बापतको रकम लिएको बरामदी मुचुल्कालाई वाहेक गरेर अन्य प्रमाणहरुलाई मात्र आधार

मान्दा पनि रिसवत बापत उजुरकर्ता सेवाग्राहीले निज प्रतिवादीलाई रु ३०,०००।– दिएको भनी किटानी उजुर गर्नुका अतिरिक्त अदालतमा बकपत्र गर्दा पनि किटानीका साथ लेखाएको देखिएको छ। स्वयं प्रतिवादीले मौकामा अनुसन्धान अधिकारी समक्ष बयान गर्दा मात्र होइन, अदालतमा बयान गर्दा पनि सेवाग्राहीबाट रु ३०,०००।– लिएको तथ्यलाई स्वीकारेको देखिएको छ। निज सेवाग्राहीको उक्त उजुरी व्यहोरा र प्रतिवादीको उक्त बयान व्यहोरा निजहरु वीच भएको वार्तालापको अडियो रेकर्डिङ्ग सि डि बाट थप समर्थित भइरहेको देखिएको छ। यो स्थितिमा निज प्रतिवादीले सेवाग्राहीबाट रु ३०,०००।– रिसवत लिन मञ्जुर गरेको मात्र होइन, रिसवत लिइसकेको मान्नु पर्ने हुन आयो। तथापि निज प्रतिवादीबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट उपलब्ध गराइएको रिसवत रकम बरामद भएको अवस्था रहेको र यस अदालतको संवैधानिक इजलासबाट माथि उल्लिखित ०७४-WO-००२० नं को रिट निवेदनमा भएको फैसला अनुसार त्यस्तो बरामदी मुचुल्कालाई प्रमाणमा लिन नमिल्ने भएकोले जफत गरीरहन भने पर्ने देखिएन।

४६. अतः माथि विवेचित आधार, कारण र प्रमाणबाट प्रतिवादीले आफ्नो ओहोदा बमोजिमको कर्तव्य पालन गर्ने सिलसिलामा सेवाग्राही सीता शाहीबाट रु ३०,०००।– (तीस हजार रुपैयाँ) घुस रिसवत लिएको पुष्टि हुन आएको हुँदा प्रतिवादी बाल मुकुन्द श्रेष्ठलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) बमोजिमको कसूरमा सोही ऐनको दफा ३(१) र ३(१)(ख) बमोजिम ३ महिना कैद र विगो बमोजिम रु.३०,०००।– (तीस हजार रुपियाँ) जरिवाना हुने ठहर गरेको विशेष अदालत, काठमाडौंको मिति २०७५।०१।१४ को फैसला मिलेकै देखिंदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन। प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी यो फैसला विद्युतीय प्रणालीमा प्रविष्ट गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

(टिल प्रसाद श्रेष्ठ)
न्यायाधीश

उक्त रायमा सहमत छु।

(कुमार रेग्मी)
न्यायाधीश

इजलास अधिकृतः दीक्षा प्रधानाङ्ग
कम्प्युटर अपरेटरः सन्जय गुरुङ
इति सम्वत् २०७९ कात्तिक ३० गते रोज ४ शुभम् ......................................।